म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ११० आइतबार १६ मंसिर २०८१ ने. सं. ११४५ कछलागा 1 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नगरपालिकाले जित्यो जेसीजकप फुटबल उपाधि

हेटौंडा, १५ मंसिर/मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगर पालिकाले पालुङ जेसीजकप फुटबलको उपाधि जितेको छ । पालुङ जेसीजको सप्ताहव्यापी कार्यक्रमअनतर्गत १५ मंसिरमा फाइनल खेल भएको थियो । संघसंस्थाबीचको फुटबल प्रतियोगितामा आयोजक पालुङ जेसीजलाई ४-१ को गोलअन्तरले पराजित गर्दै नगरपालिकाले उपाधि जितेको हो । थाहा नगरपालिकाको इन्द्रायणीचौर खेलमैदानमा भएको फाइनल खेलमा उपाधि चुमेसँगै थाहा नगरपालिकाले शिल्ड, मेडल तथा प्रमाणपत्र पुरस्कार पाएको छ । विजयीलाई पालुङ जेसीजको सप्ताहव्यापी कार्यक्रम समापन तथा पुरस्कार वितरण कार्यक्रममा पुरस्कार वितरण गरिने प्रतियोगिता संयोजक श्रीकृष्ण श्रेष्ठले जानकारी दिए । पालुङ जेसीज सभाहलमा हुने कार्यक्रममा सबैलाई उपस्थितिको लागि पालुङ जेसीज वर्ष २०२४ का अध्यक्ष निरज रायमाझीले अनुरोध गरेका छन् ।

# हेटौंडा-१२ आज मतदान, मध्यरातिदेखि वडा 'शिल' गरेर सुरक्षा व्यवस्थापन

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ हेटौंडा उमहानगरपालिका-१२ नम्बर वडामा स्थानीय तह उपनिर्वाचन अन्तर्गत् आज आइतबार मतदान कार्य हुँदैछ । कायम मतदाता ८ हजार ५३ जनाले वडाअध्ययन चुन्न पाउनेछन् ।

प्रदेश निर्वाचन आयोगको कार्यालय हेटौंडाका अनुसार २०७९ मा भएको निर्वाचनपछि १२ नम्बर वडामा कुल ८ हजार ५३ मतदाता कायम गरिएको छ । ३८७८ पुरुष, ४१७४ महिला र अन्य १ जना मतदाता छन् । यसअघिको निर्वाचनमा ६ हजार ४ सय ६५ मतदाता थिए । दुईस्थानमा मतदान केन्द्र स्थापना गरिएको छ । प्रतिभा आधारभूत विद्यालय सिग्रेनीमा पाँचवटा बुथ र विष्णुज्योति आधारभूत विद्यालय भोर्लेमा चारवटा बुथ रहने मुख्य निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ ।



१२ नम्बर वडालाई शनिवार मध्यरातिबाट शिल गरिएको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जानकारी दिएको छ । शनिवार रातिदेखि आज मतदान कार्यको समयअवधिभर बाहिरी व्यक्तिलाई प्रवेश दिइने छैन । ८ वटा सुरक्षा चेक प्वान्ट कायम गरेर वडालाई रातिबाट शिल गरिएको प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले जानकारी दिए । आवश्यकता अनुसार थप दुईवटा सुरक्षा चेक प्वाइन्ट थपिन सक्ने पनि उनले बताए ।

सिडिओ चिलुवालका अनुसार नेपाली सेना, नेपाल प्रहरी (जनपथ), सशस्त्र प्रहरी परिचालन गरेर सुरक्षा व्यवस्था मिलाइएको छ । 'सुरक्षा व्यवस्थापनमा कुनै कसर बाँकि राखिएको छैन' उनले भने । ८ वटा चेक प्वाइन्टमा जनपथ र सशस्त्र प्रहरी खटिएका छन् । वडाको भित्रि सुरक्षामा नेपाली सेनाले निगरानी गरिराखेको छ । 'जिल्लाको पूर्ण सुरक्षा संयन्त्र यता केन्द्रित छ । विगतमा भन्दा थप जनशक्ति परिचालन गरिएकोले निर्वाचन शान्तिपूर्णरुपमा सम्पन्न हुनेमा हामी विश्वस्त छौं' उनले भने ।

१२ नम्बर वडामा वडाअध्यक्ष चयनका लागि दुई वर्षपछि उपनिर्वाचन हुन लागेको हो । गत २०७९ वैशाखमा भएको स्थानीय तह निर्वाचनबाट वडाध्यक्षमा ललितबहादुर घलान निर्वाचित भएका थिए । ५ सदस्यीय वडामा माओवादी केन्द्रबाट घलानले वडाअध्यक्ष जित्दा ४ जना सदस्य नेकपा एमालेबाट विजयी भएका थिए । घलान जिल्ला समन्वय समिति मकवानपुरको प्रमुख बन्न गएपछि रिक्त वडाध्यक्ष पदमा उपनिर्वाचन हुन लागेको हो ।

उपनिर्वाचनका लागि ९ वटा राजनीतिक दलबाट ९ जना र ३ जना स्वतन्त्र उम्मेदवार मैदानमा छन् । नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट राजेश नगरकोटी, नेपाली कांग्रेसबाट अर्जुन तिवारी, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का रविन प्रधान, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले प्रेमबहादुर भ्लोन, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आशावीर बल, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) बाट बलराम बल उम्मेदवार छन् । छत्रप्रकाश अधिकारी, गीताकुमारी नेवार र अर्जुन घलान स्वतन्त्र उम्मेदवार छन् ।

कांग्रेसका तिवारी र एमालेका नगरकोटी र माओवादीका प्रधान नै मुख्य प्रतिस्पर्धीको रुपमा देखिएका छन् । गत निर्वाचनको मतपरिणामले पनि यी ती उम्मेदवारको मुख्य प्रतिस्पर्धालाई पुष्टि गर्दछ । थपिएका मतदाताको मत कता जान्छ भन्ने विषय पनि महत्वपूर्ण हुने र स्वतन्त्र उमेद्वारको बर्चस्वलाई पनि कमजोर आंकलन गर्न नमिल्ने स्थानीयले बताएका छन् । यसअघि तीनजना उम्मेदवारको मत थोरै मात्रै फरक थियो । गत निर्वाचनमा लडेका तिवारी र नगरकोटी यसपटक पनि चुनावीमैदानमा छन् । तेस्रोपटक चुनावमा उठेका तिवारीले घलानसँगै ०७४ र ०७९ को निर्वाचनमा पराजय भोगे ।

गत निर्वाचनमा घलानले एक हजार ३७१ मत ल्याएर विजयी भएका थिए । तिवारीले एक हजार ३४० मत ल्याउँदा एमालेका नगर कोटीले एक हजार ३२५ मत पाएका थिए । उपनिर्वाचनबाट माओवादी केन्द्रलाई गुमेको वडा फर्काउने चुनौती छ भने एमाले र कांग्रेसलाई पनि यो वडा प्रतिष्ठाको विषय बनेको छ । उम्मेदवारहरूले वडाको विकास, विद्यमान समस्या समाधानलाई मुद्दा बनाएर वडाबासीमाझ प्रतिबद्धता व्यक्त गर्दै विश्वास दिलाउन खोजिरहेका छन् ।

**शान्तिपूर्ण चुनाव गराउन अपिल**

उपनिर्वाचन शान्तिपूर्ण वातावरणमा गराउन सबै पक्षको साथ, सहयोगका लागि मुख्य निर्वाचन अधिकृतको कार्यालयले अपिल गरि सकेको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयद्वारा बिहीवार हेटौंडामा आयोजित सर्वदलीय/ सर्वपक्षीय बैठकलाई सम्बोधन गर्दै मकवानपुर जिल्ला अदालतको न्यायाधीश तथा मुख्य निर्वाचन अधिकृत अवनी मैनाली भट्टराईले निर्वाचनलाई शान्तिपूर्णरुपमा सम्पन्न गर्न सबै पक्षले सहयोग गर्न आग्रह गरिन् ।

उपनिर्वाचनका दिन आयोगले तोकेको निकाय वा अधिकारीले अनुमति दिएको सवारीसाधन मात्र प्रयोग गर्न आमनागरिक, उम्मेदवार तथा दलका नेतालाई उनले अनुरोध गरेकी छन् । निर्वाचनका दिन क्रियापुत्री, शारीरि करुपमा अशक्त वा अपाङ्गता भएका व्यक्ति, हिँडडुल गर्न नसक्ने ज्येष्ठ नागरिक जस्ता मतदाताको लागि आयोगले तोकेको निकाय वा अधिकारीले अनुमति दिएको सवारी साधन प्रयोग गर्न बाधा नपर्ने भट्टराईले बताइन् । मतदातालाई निर्वाचनका दिन निर्वाचन आचार संहिता, २०७९ को परिच्छेद ५ दफा २१ बमोजिम आचरण पालना गराउने कार्यमा सबैले सहयोग गर्ने समेत उनको आग्रह थियो ।

**मदिरा र नशालुपदार्थको बिक्री-सेवनमा पूर्ण बन्देज**

जिल्ला प्रशासन कार्यालय मकवानपुरले उपनिर्वाचनलाई लक्षित गर्दै हेटौंडा उपमहानगरपालिकाको १२ नम्बर वडामा तीन दिनसम्म मदिराजन्य तथा नशालुपदार्थको बिक्रिवितरण, सेवनमा रोक लगाएको छ ।

१३ मंसिर राति १२ बजेदेखि अर्थात शुक्रबारबाट १६ मंसिर दिउँस मतदानकार्य सम्पन्न नभएसम्म उक्त कार्यमा रोक लगाइएको हो । प्रशासनबाट उपनिर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न १२ नम्बर वडासँग सीमाना जोडिएका अन्य क्षेत्रको ५०० मिटरभित्र मदिरा तथा नशालुपदार्थहरु विक्री वितरण र सेवन गर्न नपाउने गरी सूचना जारी गरिएको छ । स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम उक्त कार्यलाई पूर्णरुपमा रोक लगाइएको मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी घोलकराज ढकालले जानकारी दिए ।

यसैगरी, आज आइतबार ३३ जिल्लाका ४४ पदका लागि मतदान हुँदैछ । दुई जिल्ला समन्वय समिति प्रमुख, एक/एक मेयर र उपमेयर, गाउँपालिका अध्यक्ष २, उपाध्यक्ष ४ र ३४ वडाध्यक्ष पदका लागि निर्वाचन हुन लागेको हो । मतदानका लागि १६२ मतदानस्थल र २९३ मतदान केन्द्र कायम गरिएका छन् । निर्वाचनमा २ लाख २६ हजार ७९९ मतदाता छन् । पुरुष मतदाता एक लाख १४ हजार ९००, महिला मतदाता एक लाख ११ हजार ८९६ र अन्य मतदाता ३ जना छन् ।

# हेटौंडाले जित्यो चितवन रत्ननगर मेयर कप



साझाकुरा संवाददाता

हेटौंडा, ९ मंसिर/ पूर्वीचितवनको रत्ननगरमा भएको तेस्रो अन्तरपालिकास्तरीय मेयर कप फुटबल प्रतियोगिताको उपाधि हेटौंडा उपमहानगरपालिकाले जितेको छ ।

शनिवार भएको फाइनल खेलमा हेटौंडाले आयोजक रत्ननगर नगरपालिकालाई २-१ गोलअन्तरले हराउँदै २ लाख ११ हजार राशीको उपाधि जितेको हो । हेटौंडा र रत्नगरले पहिलो हाफ बराबरी खेलेका थिए । दोश्रो हाफमा फ्रिकिक प्रहारबाट खेलको ४४औं मिनेटमा समुयल सुनारले गोल गर्दै हेटौंडालाई अग्रता दिलाए । खेलको ५४औं मिनेटमा पेनाल्टीमार्फत रोशन दोङले गोल गर्दै हेटौंडाको अग्रता दोब्बर बनाए । डिबक्सभित्र खेलाडीलाई फाउल हानेपछि हेटौंडाले पेनाल्टीको अबसर पाएको थियो ।

दोश्रो हाफमा रत्ननगरका रोशन दोङले गोल गरे । उपविजेता बन्दै रत्नगरले १ लाख ५१ हजार १११ रुपैयाँसहित शिल्ड, मेडल हात पारेको छ । फाइनल खेलको म्यान अफ दी म्याच हेटौंडाका समुयल सुनार भएका छन् । रोशन दोङ प्रतियोगिताको उत्कृष्ट खेलाडी बने ।

फाइनल खेलमा खेलाडीको हौसला बढाउन हेटौंडा नगरप्रमुख मीनाकुमारी लामा, उपप्रमुख राजेश बानियाँ, उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडाध्यक्ष सविन न्यौपाने, १९ नम्बर वडाका वडाध्यक्ष नर नाथ सुवेदीलगायतका जनप्रतिनिधि शनिबार रत्ननगर पुगेका थिए । हेटौंडाकी नगरप्रमुख लामाको प्रमुख अतिथ्यतामा प्रतियोगिताको समापन भएको थियो ।

नेपाल माविको खेल मैदानमा जारी प्रतियोगितामा चितवनका सात, कमवानपुरका दुई र नवलपरासीको एउटा पालिका गरी १० वटा टिमले सहभागिता जनाएको थियो ।

## किवानिज क्लब हेटौंडाको पद हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ किवानिज क्लब हेटौंडाको पद हस्तान्तरण भएको छ । अन्तर्राष्ट्रिय संस्था किवानिज क्लब हेटौंडाको वर्ष २०२३/२४ का अध्यक्ष सुवर्णकेशर लामिछानेले वर्ष २०२४/२५ का अध्यक्ष गंगा पौडेललाई पद हस्तान्तरण गरेका हुन् ।

किवानिज क्लब हेटौंडाका वर्ष २०२३/२४ का अध्यक्ष लामिछानेको सभाध्यक्षतामा भएको हस्तान्तरण कार्यक्रममा किवानिज क्लव नेपालका निवर्तमान गभर्नर तीर्थकुमार सिंहले बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाको रुपमा सन २०१५ देखि नेपालमा सक्रिय रहेको बताए । यो संस्थाले १८ वर्ष मुनीका बालबालिकालाई शिक्षा, स्वास्थ्य, खेलकुद, नेतृत्वविकास लगायतका क्षेत्रमा सहयोग गरिरहेको उनले बताए । कार्यक्रममा बिशिष्ठ अतिथि हेटौंडा उपमहानगरका प्रवक्ता सबिन न्यौपानेले बालबालिकाको क्षेत्रमा राम्रो काम गरिरहेको बिवानिजलाई वडाको तर्फबाट पनि आवश्यक सहयोग हुने बताए ।

किवानिज नेपालका भाइस गभर्नर रामहरि सुबेदी, किवानिज नेपालका सचिव शिबबहादुर काफ्ले, किवानिज चाइल्ड फण्ड चियरपर्सन गोपीमान श्रेष्ठ, डिभिजन-३ का साउथ एलटी गभर्नर डा. अनुपमा श्रेष्ठको उपस्थितिमा पद हस्तान्तरण भएको हो ।

गत सेप्टेम्बर महिनामा भएको निर्वाचन कार्यक्रमले अध्यक्ष पौडेलको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको भएपनि शनिबार हस्तान्तरण गरिएको हो । कार्यक्रममा किवानिज क्लबका मकवानपुरका संस्थापक अध्यक्ष तीर्थराज पराजुली, उपाध्यक्ष भानुभक्त आचार्य, सदस्य पूर्णप्रसाद अर्याल लगायतको उपस्थिति रहेको थियो ।

## आजबाट वैदिक नयाँवर्ष ५०९० सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ २०८१ मंसिरको १६ गतेका दिनबाट 'वैदिक नयाँवर्ष' (कलि संवत्सर ५०९०) प्रारम्भ भएको छ ।

द्वापरयुगको समाप्ति पछि कलियुग प्रारम्भ भएको ५०८९ वर्ष पूराभई आजबाट कलि संवत् ५०९० सुरु भएको हो । युगहरुमध्ये सबैभन्दा छोटो यो कलियुग आफैंको आयु ४ लाख ३२ हजार वर्ष रहेकोमा अहिलेसम्म जम्मा ५ हजार ८९ वर्ष बितिसकेको छ । अब कलियुगको आयु ४ लाख २६ हजार ९ शय ११ वर्ष बाँकी छ । आश्विनः युगम् - ११, वत्सर -५ (चान्द्रः अनलः संवत्सर-५०), उदगयनम्, शिशिर ऋतु, तपःमास, शुक्लप्रतिपदा तिथियुक्त वैदिक नववर्ष ५०९० लाई बिभिन्न धार्मिक संघसंस्थाद्वारा स्वागत गरिएको छ ।

मनहरीको रजैयामा रहेको अग्निहोत्र आश्रमले वैदिक नयाँवर्ष ५०९० को स्वागत गरेको छ । आश्रमले शनिबार एक बिज्ञप्ती जारी गर्दै वैदिक नयाँवर्षको स्वागत गरेको हो । वैदिक कालगणना चान्द्रमानमा आधारित भएकाले नयाँवर्ष ठ्याक्कै यही मितिमा पर्छ भन्ने हुँदैन । वैदिककाल गणनाको सुरु त्रुटिबाट उठाई मुहुर्तादि गणना हुन्छ । बराहमिहिर आदिले आर्यवर्तमा प्रवेश गराएको कालगणना विपला, पलादेखि घडी आदि हुन् भने पाश्चात्य कालगणना सेकेण्ड, मिनेट, घण्टा आदि हुन् ।

ईरानी मग ब्राहृमणहरुले ईरानतिरबाट ल्याएर फैलाएको अहिले लोकमा चलनचल्तिमा रहेको आर्यभट्ट वराहमिहिरले तयार गरेको यवनी पद्दतीको कालगणना भन्दा वैदिककाल गणना पद्दती फरक छ । कालको सबैभन्दा सानो परिमाणलाई त्रुटि भनिन्छ । १ मुहुर्त भनेको चलनचल्तिको सबैले बुझ्ने भाषामा ४८ मिनेट भनिएको हो । १ मुहुर्त भनेको २० कला हो । २ पक्ष भनेको १ चन्द्रमास हो । त्यो चान्द्र उत्तरायण र दक्षिणायन हुन्छ । २ सौर चान्द्रायनहरुको १ सौर चान्द्र वर्ष हुन्छ । ५ सौर चान्द्र वर्षहरु १ सौर चान्द्र युग हुन्छ । यस्तो कालगणना पद्दति वेदान्त ज्योतिष, व्याकरण अष्टाध्यायी, महाभारत, कौटलिय अर्थशास्त्र, शुश्रुत संहिताहरुमा उल्लेख गरिएको छ ।

## बसिफाँटका शिक्षक सिंहको भव्य विदाई



साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ भीमफेदी गाउँपालिकाको लेकाली बसिफाँट माविका शिक्षक सोनेलाल सिंहले स्वेच्छिक अवकाश लिएका छन् । अवकाशसँगै उनको भव्य विदाई भएको छ ।

लामो समयदेखि प्राथमिक शिक्षकको रुपमा कार्यरत सिंहको विद्यालयमा एक समारोहबीच विदाइ गरिएको हो । विदाईका क्रममा उनको काँध भरिने गरी विद्यार्थी र सहयात्री शिक्षक, अभिभावकले फूलको माला लगाइदिए ।

शिक्षक सिंहलाई विदाइको अवसरमा शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदानको मूल्यांकन गर्दै सम्मान पनि गरिएको थियो ।

वि.सं. २०४८ साल चैत्र महिनामा शिक्षणसेवामा प्रवेश गरेका सिंहले ३२ वर्ष ८ महिना १ दिन अध्यापन गराएका छन् । प्रधानाध्यापक एलएल मण्डल सहितको उपस्थितिमा भएको विदाइ तथा सम्मान कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पदाअधिकारीहरु, शिक्षक तथा विद्यार्थीको उल्लेख्य उपस्थिति रहेको थियो ।

यसैगरी, थाहा नगर पालिका-२ स्थित मत्स्यनारायण माविका दुई शिक्षक सेवानिवृत्त भएका छन् । विद्यालयका प्राथमिक तहका शिक्षक विणुहरि ढकाल र कृष्णमान श्रेष्ठ सेवानिवृत्त भए । दुवै शिक्षकलाई विद्यालयमा १४ मंसिरमा एक कायक्रमको आयोजना गरी विदाइ गरिएको छ ।

सेवानिवृत्त भएका शिक्षक ढकाल वि.सं. २०५१ सालदेखि र श्रेष्ठ २०६१ सालबाट शिक्षण पेशामा स्थायी नियुक्तिसहित सेवारत रहेको प्रधानाध्यापक श्याम तामाङले जानकारी दिए ।

शिक्षकद्वयलाई विद्यालय व्यवस्थापन समिति अध्यक्ष युवाराज विष्टको उपस्थितिमा शैक्षिक योगदानको प्रशंसासहित विदाइ गरिएको हो । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पदाअधिकारी, शिक्षक तथा विद्यार्थीको उल्लेख्य सहभागिता रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# मदन भण्डारी प्रतिष्ठानको सम्झौता

नेपालको चिकित्सा क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउने उद्देश्यले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान र चिकित्सा शास्त्र अध्ययन संस्थान (त्रिभुवन विश्वविद्यालय) बीच समझदारी भएको छ । सम्झौतामा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. प्रदीप ज्ञवाली र चिकित्सा शास्त्र अध्ययन संस्थानका डीन प्राडा. दिव्यासिंह शाहले हस्ताक्षर गरेका हुन् । यो सम्झौता पाँचवर्षको हुनेछ । प्रतिष्ठान र संस्थानले संयुक्तरुपमा क्लिनिकल सेवा, चिकित्सा शिक्षा, र स्वास्थ्य अनुसन्धानका क्षेत्रमा सहकार्य गर्ने भएका छन् । यसले चिकित्सा सेवाको गुणस्तर वृद्धि गर्नुका साथै देशमा विशेषज्ञ सेवाको पहुँचलाई विस्तार गर्ने अपेक्षा गरिएको छ ।

सम्झौताले हेटौंडा अस्पतालमा मुटुरोग, मिर्गौलारोग, जनरल सर्जरी, महिला तथा बालरोगजस्ता विभिन्न विशेषज्ञ सेवा अझ प्रभावकारी रुपमा उपलब्ध गराउन मद्दत गर्नेछ । शिक्षण अस्पतालको रुपमा सेवा विस्तार गरी विद्यार्थीका लागि उच्चस्तरीय शिक्षण र अनुसन्धानका अवसर सिर्जना गरिनेछ । सम्झौतापछि उपकुलपति प्राडा ज्ञवालीले यो सहकार्यले समुदायलाई गुणस्तरीय स्वास्थ्यसेवा दिनका साथै नेपालका स्वास्थ्यसेवाका क्षेत्रमा नवीनतम अभ्यास र प्रविधि भित्र्याउन महत्वपूर्ण भूमिका खेल्ने बताए । सम्झौता केवल स्वास्थ्यसेवा र शिक्षाक्षेत्रको विकासमात्र नभई, देशभरिका नागरिकलाई अत्याधुनिक विशेषज्ञ सेवा प्रदान गर्ने दिशामा टेवा पुऱ्याउने बताइएको छ । यो सहकार्यले अनुसन्धानलाई प्रोत्साहन दिने र नेपालका युवा चिकित्सकलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार प्रशिक्षण प्रदान गर्ने वातावरण निर्माण गर्नेमा जोड दिइने बताइएको छ । यो सहकार्यले स्वास्थ्यसेवा, शिक्षा, र अनुसन्धानको क्षेत्रमा एक नवीन दृष्टिकोण प्रस्तुत गरेको छ । पाँचवर्षको अवधिमा यसले स्वास्थ्यसेवामा दक्ष जनशक्ति उत्पादन गर्न र ग्रामीण तथा सहरी क्षेत्रका नागरिकलाई गुणस्तरीयसेवा उपलब्ध गराउन सहयोग पुऱ्याउनेछ । साझेदारीबाट नेपालको चिकित्सा क्षेत्रलाई विश्वस्तरीय मान्यता दिलाउन योगदान पुग्ने अपेक्षा गरिएको छ । प्रतिष्ठानले हेटौंडा अस्पताललाई देखाएर हाल ४ वटा विषयको अध्यापन गरिरहेको छ । घर भाडामा लिएर कार्यालय सञ्चालन गरिरहेको छ । हेटौंडा-६ गौरिटारमा रहेको खेलमैदानमा निर्माण गरिएको ट्रस्टको भवनमा शिक्षण क्रियाकलाप सञ्चालन गरिरहेको भएपनि निकट भबिष्यमा आफ्नै भवन निर्माण गर्ने भएको छ । टीसीएनभित्र निर्माण भइरहेको प्रतिष्ठानको भवन सम्पन्न भएपछि सहज हुने बताइएको छ ।

अनुसन्धानका लागि हेटौंडा-८ कमानेस्थित लोकतान्त्रिक पार्कको भवनमा आफ्ना क्रियाकलाप सञ्चालन गरिरहेको छ । प्रदेश सरकारले प्रदेशकै गौरवको आयोजना अन्तर्गत राखेर २०७६ मा प्रदेशसभाबाट मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन जारी गरेको थियो । स्थापनाको १ वर्षपछि प्रतिष्ठानमा पदाधिकारी नियुक्त भएका थिए । प्रतिष्ठानले चिकित्सा शिक्षा अध्ययन, स्वास्थ्य उपचार र अनुसन्धानको क्षेत्रमा काम गर्दै आएको छ । चिकित्सा क्षेत्रमा राम्रो काम गर्ने योजना बनाएर अघि बढिरहेको प्रतिष्ठानले ब्याचलर अफ पब्लिक हेल्थ, ब्याचलर अफ फार्मेसी र ब्याचलर अफ साइन्स इन मेडिकल ल्याव टेक्नोलोजी विषयमा अध्यापन गराउदै आएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर १७ गते सोमबार द्द डिसेम्बर २०२४ । प्रतिपदा, मार्ग शुक्लपक्ष । थिलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:३९, सूर्यास्त ५:०६ । विश्व दासता उन्मूलन दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शत्रु वृद्धि | तुला | : साझेदारीकार्यमा सफलता |
| वृष | : भाग्यबाट सन्तोष | वृश्चिक | : वैदेशिक कार्यमा अवरोध |
| मिथुन | : ऋणभार बढनाले खिन्नता | धनु | : सम्पत्तिबाट लाभ |
| कर्कट | : अनावश्यक झंझट | मकर | : मांगलिक कार्यमा मन |
| सिंह | : गृहकलहमा वृद्धि | कुम्भ | : मानसम्मानमा वृद्धि |
| कन्या | : आफन्तमा मनोमालिन्य | मीन | : आर्थिक हानी |

# लोकतान्त्रिक तानाशाहको आवश्यकता



✍ श्यामप्रसाद मैनाली

आधुनिक विश्वमा साम्यवादी शासन र लोकतान्त्रिक शासन प्रणाली गरी दुईवटा व्यवस्थाहरू प्रचलनमा रहेका छन् । यी दुईवटा राजनीतिक प्रणालीहरूमध्ये कुनचाहिँ राजनीतिक प्रणाली उत्तम हो ? कुन राजनीतिक प्रणालीबाट समग्र राष्ट्रको समृद्धि र नागरिक अधिकारको प्रत्याभूति हुन सक्छ ? सो सम्बन्धमा विभिन्न प्रकारका विश्लेषणहरु हुँदै आएका छन् । कतिपय देशमा तानाशाही शासन पद्धति, सर्वसत्तावाद, एकतन्त्रीय शासन आदि प्रचलनमा रहेका छन् ।

तानाशाही शासन प्रणाली सञ्चालन भएका देशहरूमा पनि प्रगति भएको पाइन्छ । उदाहरणका लागि आधुनिक चीनलाई लिन सकिन्छ । पञ्चायती कालमा नेपालमा विशेष गरी राजा महेन्द्रले शिशु लोकतन्त्रको गला घोटी जनतालाई अधिकारको विकल्पमा विकास दिने सोचका साथ शासन सञ्चालन गरेका थिए । तर नेपाली जनताले आफूलाई स्वतन्त्र र सार्वभौम सम्पन्न नागरिकको रुपमा देख्न चाहे । स्वर्गीय राजा महेन्द्रले पाँच विकास क्षेत्र पूर्व-पश्चिम राजमार्ग, काठमाडौँ-कोदारी राजमार्गजस्ता दीर्घकालीन आर्थिक प्रभाव देशलाई सकारात्मक रुपमा पार्ने गरी निर्माण गरेका थिए । यसै गरी नेपालको दक्षिणी सिमानामा भूतपूर्व सैनिकहरूलाई जमिन दिई बसोबास गराउने रणनीतिक कार्यक्रम पनि सञ्चालन गरेका थिए । भूमिसुधारजस्तो क्रान्तिकारी कार्यक्रम पनि राजा महेन्द्रकै पालामा कार्यान्वयनमा आएको थियो । देशभित्र थुप्रै उद्योगहरू सञ्चालनमा आएका थिए । यसले गर्दा थुप्रै नेपालीले रोजगारीको अवसर प्राप्त गरेका थिए । तर नेपाली जनताले विकास मात्र चाहेनन्, स्वतन्त्रता र नागरिक अधिकारको प्रत्याभूति हुनुपर्ने पक्षमा खडा भए । यसले गर्दा राजा स्व. वीरेन्द्रको पालामा नेपालको निरपेक्ष राजतन्त्र संवैधानिक राजतन्त्रमा परिणत हुन पुग्यो । यसबाट नागरिकको चाहना प्रजातन्त्रप्रति हुँदो रहेछ भन्ने स्पष्ट भएको छ ।

नेपालको प्रजातन्त्रले अपेक्षित विकास गर्न सक्यो/सकेन भन्ने सन्दर्भमा विश्लेषण हुनुपर्ने स्थिति छ । नेपालमा सडक सञ्जालहरू अत्यन्तै ज्यादा विस्तार भएका छन् । सञ्चारको क्षेत्रमा ठूलो फड्को मारेको छ । शिक्षा, स्वास्थ्यका क्षेत्रमा पनि विशेष गरी निजी क्षेत्रमार्फत ठूलो प्रगति हुँदै आएको स्थिति छ । यद्यपि नेपाली जनता लोकतन्त्र र प्रजातान्त्रिक अवधिमा शासन सञ्चालन गर्नेहरूप्रति स्वार्थलोलुप झुन्डबाहेक अन्य कसैको पनि सन्तुष्टि देखिएन । देशले कहिल्यै पनि राजनीतिक संक्रमणको अवस्थाबाट मुक्ति पाउन सकेन । रोजगारीका अवस्था विकराल हुँदै गए । देश युवाशक्ति पलायन गराउँदै उनीहरूले पठाएको विप्रेषणमा आधारित हुँदै गयो । यसबाट देशको अर्थव्यवस्था चलायमान हुँदा नेपालका शासकहरु यसैमा गौरव मान्दै गए । यो राष्ट्रको लागि अत्यन्त जोखिमपूर्ण अवस्था हो । यसबाट देशको आर्थिक समुन्नतिको अपेक्षा गर्न सक्ने स्थिति अत्यन्त कमजोर बन्दै गयो । विश्व परिवेशमा हेर्दा पनि लोकतन्त्र र तानाशाही तन्त्रमध्ये कुन तन्त्रले राष्ट्रको आर्थिक तरकी गर्न सक्छ ? भन्ने विषयमा आफ्नै कोणबाट विश्लेषण हुन थालेका छन् । कतिपय देशहरुमा लोकतान्त्रिक शासन प्रणालीले तानाशाहहरुको जन्म दिएको छ । त्यस्ता तानाशाहले लोकतान्त्रिक शासन प्रणालीमा केही समझदारी गर्दै राष्ट्रको पक्षमा काम गर्दा जनस्तरबाट स्वीकार्य भएका पनि छन् । यस परिस्थितिमा तानाशाहीतन्त्र लोकतन्त्रभन्दा राष्ट्रिय समुन्नतिको लागि उत्तम व्यवस्था हो त ? अथवा अब विश्वपरिवेशमा लोकतन्त्रप्रतिको आकर्षण घट्दै गएको त होइन ? यी सन्दर्भमा विश्लेषण गर्ने अवस्था देखा परेको छ ।

लोकतन्त्र र भ्रष्टाचारका बीच नकारात्मक सम्बन्ध हुन्छ भनिन्छ, अथवा लोकतन्त्रको संस्थागत विकास हुँदा भ्रष्टाचार घट्छ । अर्को अवस्था यसको विपरीत हुन्छ । अर्को कोणबाट हेर्दा साम्यवादी देशहरू जहाँ एकतन्त्रीय तानाशाही शासन प्रणाली रहेको हुन्छ, त्यस्ता देशहरु पनि उदार हुँदै लोकतान्त्रिक मूल्य मान्यतालाई आत्मसात् गर्दा प्रगतिको पथमा अभिमुख हुन थालेका छन् । यदि भ्रष्टाचार नियन्त्रण गर्न सकिएन भने त्यस्ता देशमा लोकतन्त्रको कल्पना गर्न सकिन्न । लोकतान्त्रिक शासन प्रणालीको अत्यधिक दुरुपयोगको अवस्था भनेकै व्यापक भ्रष्टाचार हुनु हो । तानाशाही तन्त्रमा निर्णय अत्यन्त छिटो हुने, प्रक्रियागत जटिलताहरूले धेरै समय नलिने राजनीतिक स्थिरता हुने हुँदा यदि तानाशाहहरु राष्ट्रप्रति जवाफदेही बन्दै जानुभएको खण्डमा देशले प्रगति गर्छ, भ्रष्टाचार नियन्त्रणमा आउँछ र देश सुशासनको दिशामा अघि बढ्छ भन्ने तर्क पनि गरिएको छ ।

फ्रिडम हाउस नामक एक संस्थाले हालै विश्व बैंकको सहयोगमा गरेको एक प्रतिवेदन प्रकाशनमा आएको छ । उक्त प्रतिवेदनअनुसार विश्वमा सबैभन्दा कम भ्रष्टाचार हुने प्रथम २० देशहरु सबैमा लोकतन्त्रका आधारमा शासन सञ्चालन भइराखेका छन् । यस्ता देशमा नागरिकको तर्फबाट अर्थपूर्ण दबाब हुने गरेको छ । लोकतन्त्रको सबलीकरण र संस्थागत विकास हुनुका साथै भ्रष्टाचार नियन्त्रणको गति पनि अत्यन्त सन्तोषजनक पाइएको छ । त्यसैले राजनीतिक परिवर्तन मात्रै देशको समुन्नतिका लागि र नागरिक अधिकारहरूको प्रत्याभूतिका लागि पर्याप्त हुँदैन भन्ने निष्कर्ष यस प्रतिवेदनको छ ।

सुशासनको परिकल्पना अथवा जनप्रतिनिधिहरू जनताप्रति जवाफदेही बन्ने शासन प्रणालीका प्रत्येक क्रियाकलापहरू पार दर्शी हुने, कानुनको शासन लागू हुने, शासन प्रणाली प्रभावकारी र निपुणताका साथ सञ्चालन हुने तथा प्रत्येक नीति निर्माण र निर्णय लिँदा जनतालाई सहभागिता बनाउने सन्दर्भ तानाशाही तन्त्रमा कल्पनामा सीमित हुन्छ । यस अर्थमा लोकतन्त्रको विकल्पको बारेमा सोच्न सकिन्न । तर लोकतन्त्रमा जनप्रतिनिधिहरु प्रत्यक्षत जनताप्रति जवाफदेही र जिम्मेवार हुनुपर्दछ । विश्वपरिवेशमा अध्ययन गर्दा राजनीतिक परि वर्तनपश्चात् देखिने संक्रमणकालमा अत्यन्त ज्यादा अव्यवस्था र व्याप्त भ्रष्टाचार हुने गर्दछ । यस्ता देशहरुमा निर्वाचन अत्यन्त खर्चिलो हुन्छ र अस्वस्थ प्रतिस्पर्धा हुने गर्दछ । यो अवस्था सिर्जना हुनु भनेको लोकतन्त्रको हदैसम्मको दुरुपयोग हो । यस प्रकार लोकतान्त्रिक शासन प्रणाली अवलम्बन गरेर यसका पात्रहरू अथवा शासकहरुले लोकतन्त्रको दुरुपयोग गर्नुभएको अवस्थाभन्दा इमानदार तानाशाह अति उत्तम हुन्छ भन्ने अध्ययन प्रतिवेदनहरुमा उल्लेख हुन थालेका र विचारहरू समय-समयमा व्यक्त हुन थालेका छन् ।

लोकतान्त्रिक शासन प्रणालीमा केही हदसम्म समझदारी गरेकै कारण मलेसियामा महाथिर मोहम्मद सफल भएका हुन् । यस अर्थमा विशेष गरी राजनीतिक परिवर्तनपश्चात् लोकतान्त्रिक शासन प्रणाली अवलम्बन भएका देशहरू अत्यन्त ज्यादा सतर्क र गम्भीर हुनुपर्ने अवस्था देखिन्छ । राजनीतिक संस्कारको विकास यस अवस्थामा भएको हुँदैन तर तानाशाहीतन्त्रका विरुद्ध उनीहरु आन्दोलनमार्फत लोकतन्त्र प्राप्त गर्न सफल भएका हुन्छन् । शासकीय अनुभवको उनीहरूमा कमी रहन्छ । यही कमी-कमजोरीमा भ्रष्टाचार र कुशासनले पकड जमाउन थाल्छ । जनप्रतिनिधिहरु पनि स्वार्थलोलुप झुन्डहरूको घेराबन्दीमा रहँदै भ्रष्टाचार गर्न थाल्छन् । तानाशाही व्यवस्थालाई समाप्त गरी ल्याएको लोकतन्त्रमा यस प्रकारका शासकहरूबाट शासित हुनुपर्दा अन्ततः नागरिकहरू प्रताडित हुन्छन् । यसबाट मुक्ति पाउन पुनः नागरिकहरूले ठूलै योगदान र संघर्ष गर्नुपर्ने हुन्छ ।

विश्वपरिवेशमा अनुभव गरिरहेका यी अवस्थाहरूमा सिंगापुर अपवादको रुपमा देखा परेको छ । किनकि यस देशमा लोकतन्त्रको संस्थागत विकास राम्ररी हुन सकेको अझै छैन । तर भ्रष्टाचार नियन्त्रणका दिशामा उल्लेखनीय सफलता हासिल गरेको छ । विश्वमा सबैभन्दा कम भ्रष्टाचार हुने २० देशहरूमा सिंगापुरसमेत पर्न आउँछ । यसले लोकतन्त्रको सुदृढीकरणको अभावमा पनि सुशासन कायम गर्न सकिन्छ, देशमा आर्थिक समुन्नतिलगायतका विकास निर्माणका कामहरू अघि बढाउन सकिन्छ भन्ने उदाहरण सिंगापुर बनेको छ । लि क्वान युको यो सत्प्रयासबाट यो सम्भव भएको हो ।

नेपालको लोकतान्त्रिक इतिहास र देशले गर्ने प्रगतिको स्तरको अध्ययन गर्दा सन्तोष गर्ने ठाउँ छैन । यहाँका लोकतान्त्रिक नाममा शासनमा पुगेका पात्रहरू अत्यन्त गैरजिम्मेवार बनेका छन् । नयाँ उदय भएका राजनीतिक शक्तिहरू पनि बिस्तारै-बिस्तारै विवादमा तानिँदै गएका छन् । नेपालको निर्वाचन प्रणाली मिश्रित प्रकृतिको भएका कारण पनि राजनीतिक अस्थिरता नेपालको वर्तमान संविधानले नै आमन्त्रण गरिराखेको छ । राजनीतिक अस्थिरताका कारण भ्रष्टाचारलगायतका कुशासनहरु देशमा व्याप्त छन् । राजनीतिक दलका शीर्षस्थहरू दलीय समझदारीमा भ्रष्टाचार गर्न अभ्यस्त बनेका छन् । निर्वाचन अत्यन्त खर्चिलो भएको छ । निर्वाचनमा पाइने टिकट पनि खरिद-बिक्री हुँदै गएको प्रशस्त उदाहरण पाइँदै गएका छन् । राजनीतिक तहबाट हुने भ्रष्टाचारलाई कानुन नै बनाई अभयदान प्रदान गरिएको छ । निर्वाचन अत्यन्त खर्चिलो छ । खर्चिलो निर्वाचनमा हुने नगद प्रवाहले गर्दा नेपालमा लोकतन्त्रमाथि नै विकृति, विसंगति र नागरिकको सन्तुष्टि देखिँदै आएको छ । यसलाई सुधार गर्ने इच्छाशक्ति राजनीति गर्नेहरूमा देखिँदैन । उनीहरू सीमित कार्यकर्तारुपी स्वार्थलोलुप झुन्डहरूको समर्थनमा आत्मरतिमा रमाइरहेका छन् । जीवनको उत्तरार्धतर्फ उन्मुख भएकाहरु शारीरिक र मानसिक शिथिलता प्रदर्शन गर्दै शासन सञ्चालन गरिराखेका छन् । उनीहरुमा राष्ट्रप्रतिको बफादारिता देखिँदैन । निर्वाचनमा हुने खर्चलाई लगानीको रुपमा लिई शासन सञ्चालनमा र हँदा असुलउपर गर्ने विकृति नेपालको राजनीतिले अवलम्बन गरिरहेको छ । यो अवस्थामा नेपालमा समेत इमानदार तानाशाह नै भए पनि राष्ट्रको आर्थिक समुन्नति र राजनीतिक स्थिरताका लागि आवश्यक हुने हो कि भन्ने विश्लेषण हुन थालेको छ ।

अब प्रश्न उठ्छ, के लोकतन्त्रलाई तानाशाही तन्त्रले नै विस्थापित गर्नुपर्ने हो त ? यसबारेमा चिन्तन गर्दा अहिलेको विश्व जनमत बिस्तारै लोकतन्त्रको पक्षमा बढ्दै गएको छ । सचेत जनता लोकतन्त्रकै पक्षमा दृढ छन् । यही व्यवस्थाबाट राष्ट्रमा आर्थिक समुन्नति हुनुपर्दछ । सुशासन कायम हुनुपर्दछ र राजनीतिक स्थिरताका साथ शासन सञ्चालन हुनुपर्दछ । देशको शासन प्रणाली पारदर्शीपूर्ण हिसाबले प्रणालीका आधारमा सञ्चालन हुनुपर्दछ भन्ने पैरवी गरिराखेका छन् । यसैको पक्षमा देखिएका छन् । यस अवस्थामा राष्ट्रको प्रगतिका लागि केही अभ्यासहरु हुनु जरुरी छ । जनतामा सचेतनाको स्तर उच्च हुनु अत्यावश्यक छ ।

यस अवस्थामा यदि लोकतान्त्रिक शासन प्रणाली अवलम्बन गरिएको छ भने जनताले देशको अवस्थाको आफैंले मूल्यांकन गर्न सक्छन् । देशमा रहेका विकृति र विसंगतिले राष्ट्रलाई कुन दिशातर्फ अभिमुख गराएको छ, स्पष्ट जानकारी हुन्छ । सुशासन कायम हुन नसक्नुका कारणहरू र भ्रष्टाचारजन्य अवस्थाका सम्बन्धमा उपचारको लागि आम नागरिक संलग्न हुन थाल्छन् । आफैंले निर्वाचन गरेर पठाएका जनप्रतिनिधिहरूलाई दण्डित गर्न सफल हुन्छन् र प्रारम्भ गर्छन् । लोकतन्त्रको सुदृढीकरणका लागि जनता आफैं अग्रसर हुन्छन् । यो अवस्थाको बारेमा विश्लेषण गर्दा हामी डेनमार्क र न्युजल्याण्ड पुग्दछौं । यी देशहरूमा लोकतान्त्रिक शासन प्रणालीमा विकृति र विसंगति देखिँदा विकास निर्माणका कामहरूमा नकारात्मक प्रभाव पर्छ भन्ने सन्दर्भमा स्पष्ट छन् र इमानदार व्यक्तिलाई मात्र शासनमा पुऱ्याउनुपर्दछ भन्ने सन्दर्भमा पनि दृढ छन् । उनीहरु प्रकृतिशील कारबाहीको पक्षमा छन् । यसले गर्दा शासन सञ्चालनमा रहनेहरू सतर्क हुनै पर्दछ ।

तसर्थ राष्ट्रको समुन्नति र लोकतन्त्रको संस्थागत विकास एवं सुदृढीकरणका लागि सचेत रहेका नागरिकहरूले मात्र सकारात्मक दबाब दिन सक्छन् र शासन सञ्चालनमा रहनेहरूलाई ठीक दिशामा अभिमुख हुन बाध्य पार्दछन् । निर्वाचनमा इमानदार व्यक्तिहरूलाई मात्र अवसर दिन्छन्, यसको सीधा अर्थ हुन्छ, निर्वाचनमार्फत गलत काम गर्ने जनप्रतिनिधिहरु नियन्त्रित र दण्डित हुन्छन् । यस्ता देशहरुमा पत्रकारिता पनि अत्यन्त सुदृढ हुन्छ, खोज र अनुसन्धानमूलक पत्रकारिताको विकास भएकै कारण सुशासन कायम गर्नको लागि पत्रकार जगत् अत्यन्त सहयोग सिद्ध बनेको छ । यी सबै विश्लेषणहरूबाट फेरि पनि हामी लोकतान्त्रिक शासन प्रणालीमा तानाशाही तन्त्रै आवश्यक हुने हो त ? भन्ने सन्दर्भमा दुविधामा परिराखेका छौं । यहाँनिर हामीले सोच्नै पर्ने विषय हो नर्वे, डेनमार्क, क्यानाडा, फिनल्यान्ड, स्विडेन र नेदरल्याण्ड यस्ता देशहरु हुन् जहाँ संसदीय लोकतान्त्रिक शासन प्रणाली अवलम्बन गरिएको छ । यी सबै देशहरूमा सुशासन कायम छ, भ्रष्टाचार नियन्त्रणमा छ ।

जनप्रतिनिधिहरु आफ्ना मतदाताहरू प्रति समर्पित र इमानदार एवं जवाफदेही रहेका छन् । त्यसैले लोकतन्त्रको विकल्प फेरि पनि लोकतन्त्रै हो । तथापि विशेष गरी जनताको चेतनाको स्तर अत्यन्त कम भएका संक्रमणकालबाट गुज्रिएका विकासशील देशहरूका लागि लोकतान्त्रिक शासन प्रणालीमा केही हदसम्म समझदारी गरी शासन सञ्चालन गर्ने इमानदार तानाशाह जरुरी हुँदो रहेछ । जनताप्रति इमानदार रहने तानाशाहलाई लोकतान्त्रिक नेताकै वर्गमा राख्नुपर्ने हुन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# सहकारीका सम्बन्धमा संसदीय समितिले स्पष्ट खाका दिएन

✍ निर्मल गौतम

गण्डकी प्रदेश अन्तर्गतका धेरै सहकारी संस्था डामाडोल अवस्थामा चलेका छन् । डेढ वर्षदेखि सहकारी रजिस्ट्रारको कार्यालय गण्डकी अन्तर्गत वित्तीय विश्लेषकका रूपमा काम गर्दै आएको मेरो अनुभवका आधारमा भन्नुपर्दा कतिपय सहकारीका सञ्चालकले मोटो रकम हिनामिना गरेका छन् । यसबारे सहकारीका सेयर सदस्यलाई कुनै वास्ता नै नरहेको पनि पाएको छु । मैले दर्जनौँ सहकारीको आर्थिक विश्लेषण गरेर प्रतिवेदन तयार गरेको छु । यस आधारमा मैले सहकारीको मर्म विपरीत कतिपय सहकारी संस्था चलेको पाएको छु ।

तीनखम्बे अर्थव्यवस्थाको नीति अनुसार सहकारीले देश विकासमा गर्न सक्ने योगदानको परिकल्पना गरिएको छ । तर यो उद्देश्य विपरीत सीमित व्यक्तिले गठबन्धन गरेर सहकारीको रकम हिनामिना गरेका छन् । जसले गर्दा बचतकर्ताको रकम जोखिममा परेको छ । सहकारीको पुँजीलाई आफ्नो अनुकूल हुने गरी घरजग्गामा लगानी गर्ने, ऐन विपरीत जग्गा खरिद गर्ने काम भएका छन् । सहकारीभन्दा बाहिरबाट अनुचित लाभ लिने काम गरिएको छ । बजारमा अस्वस्थ प्रतिस्पर्धा छ ।

सहकारी विभागले जारी गरेको मापदण्डभन्दा विपरीत गएर सहकारीले लगानी गर्न पाइँदैन । तर ३६ प्रतिशतसम्म ब्याज लिएर कर्जा लगानी गरिएको छ । मिटरब्याज प्रकृतिका कर्जा लगानी गर्ने र त्यहाँबाट आम्दानी भएको रकम गैरकानुनी ढंगले सेयर होल्डरलाई वितरण गरिएको पनि पाइएको छ । यस्तो काम सहकारीको मर्म विपरीत हो । सीमित व्यक्तिको स्वार्थका लागि सहकारीको परिकल्पना गरिएको होइन, सामूहिक हितका लागि सहकारीको अभ्यास गर्नुपर्ने हो । सहकारीको मर्म र मान्यताविपरीत सीमित व्यक्तिले सहकारीसँग जोडिएर प्राप्त गरेको रकम राज्यले जफत गर्नुपर्छ । मैले नै तयार गरेको प्रतिवेदनमा कसुरबाट आर्जन गरेको रकमबारे खुलाइएको छ । यसरी खुलाएर प्रतिवेदन बनाउँदा पनि सरकारी वकिलको कार्यालयले अनुसन्धान गर्ने र अभियोजन दर्ता गर्ने काम गरेको छैन ।

सीमित सञ्चालक समिति र नातेदारहरूले सहकारीको रकम लगेर सिद्ध्याएका छन् । यो त वित्तीय अराजकता हो । सहकारी संस्थाले पुँजीको १० प्रतिशतभन्दा बढी लगानी गर्दा सुरक्षणको व्यवस्था अनिवार्य गरेको छ । तर सीमा नाघेर धितो जमानी विपरीत लगानी भएको छ । नियतवश नै लगानी गर्दा समस्या उत्पन्न भएको हो । विनाधितो कर्जाको कल्पना सहकारी ऐनले गरेको छैन । एउटा व्यक्तिलाई एक सयको सेयर प्रदान गर्ने र कतिलाई त सेयर सदस्य पनि नबनाई कर्जा दिइएको छ । व्यक्तिहरू मिलेर समूह खडा गर्ने, व्यापारमा लगानी गर्ने, त्यो नाफा सहकारीमा नल्याउने । बाहिरबाट नै रेकर्डविना राजस्व छल्ने मनसायले व्यक्तिगत कम्पनीमा लगानी गरिएको देखिएको छ ।

सहकारी ऐन आफैँमा सुन्दर छ । सहकारीका लागि कानुनको अपर्याप्तता छैन । स्थानीय तहले अध्ययनविना लाइसेन्स दिँदा अवस्था बिग्रिएको छ । घरघरमा सहकारी छन्, अनुगमन भएको छैन । सीमित व्यक्तिहरूको गठबन्धनले सहकारी डुबेको हो । धेरैजसो घर जग्गा व्यवसायमा गरिएको लगानी डुबेका छन् ।

उत्पादनमूलक क्षेत्रमा सामूहिक हितका लागि लगानी गर्नुपर्नेमा गैरसदस्यलाई कारोबारी लगानी गरिएको छ । कतिपय व्यक्तिको अज्ञानताका कारण सहकारी डुबेका छन् । बाँकीचाहिँ नियामकीय पहुँचमा पुग्न सक्ने र राजनीतिक पहुँचमा भएका व्यक्तिहरूले सहकारीको रकम हिनामिना गरेको देखिएको छ ।

जननिर्वाचित प्रतिनिधिहरूले पनि विश्वासघात गरेको देखिन्छ । कानुन भनेको सबैका लागि हो । पालना गर्नकै लागि कानुन बनाइन्छ । तर गैरकानुनी मानसिकता भएका व्यक्तिले सहकारीको नेतृत्व गरेका छन् । त्यस्ता सहकारीहरू कालान्तरमा डुबेकै अवस्थामा छन् । सबै सहकारी बिग्रिए, डुबे भन्ने पनि होइन । सुरक्षण लिएर कर्जा लगानी गर्ने सहकारी राम्रा पनि छन् । कानुनी र पदीय आचरण पालना गरेका सहकारीहरूले राम्रो प्रगति गरेका छन् । बचतकर्ता त्यस्ता सहकारीमा डराउनुपर्ने अवस्थामा छैनन् । उनीहरूले त जीवनस्तर उकासेका छन् ।

छिटो धनी बन्ने व्यक्तिहरूको लोभ लालचले समस्या आएको हो । कुनै ठाउँमा व्यवस्थापकले, कुनै ठाउँमा भाइटल पोस्टमा भएका सदस्यहरूले बिगारेका छन् । कानुन बमोजिम निर्वाह गर्नुपर्ने काम, कर्तव्य अधिकार पालना नगर्दा यो अवस्था आएको हो । एउटै व्यक्तिले अर्बौं रकम अपचलन गरेर फरार भएका पनि छन् । अब नियामकीय संरचना तयार गरेर नियमन गर्नुपर्छ । जस्तो, बैंक वित्तीय संस्थालाई राष्ट्र बैंकले हेर्छ भने सहकारी हेर्न अलग्गै प्राधिकरण बनाउनुपर्छ । प्राविधिक मान्छेलाई राखेर अनुगमन गर्ने, नियमन गर्ने विषयमा राज्य लाग्नुपर्छ । नत्र संविधानको तीनखम्बे अर्थनीति अभिशाप बन्छ ।

रकम अपचलन गर्ने सबैलाई कानुनी दायरामा ल्याउनका लागि अलग्गै अपराध अनुसन्धान ब्यूरो खडा गर्नुपर्छ । प्रतिवादीको सम्पत्ति रोक्का राखेर पीडितलाई भराइदिनुपर्छ । राज्यले लाइसेन्स दिएर खुलेका सहकारीमा बचतकर्ताको रकम डुबेको छ । यसमा त स्वाभाविक रूपले राज्यबाट बचतकर्ताको संरक्षण हुनुपर्छ । उनीहरूको रकम भराइदिने व्यवस्था गर्नुपर्छ । सबै सहकारीको अनुगमन गरेर तत्काल कानुनी कारबाही गर्ने र हिनामिना भएको रकम प्रतिवादीबाटै सोधभर्ना गर्नुपर्छ । बचतकर्तालाई क्षतिपूर्ति दिलाउनु पर्छ । तर पीडितले न्याय पाउने सम्भावना निकै न्यून हुँदै गएको छ । संसदीय छानबिन समितिले यसबारे ठोस खाका दिन सकेको छैन । बचत फिर्ताको कुनै स्पष्ट खाका छैन । उजुरी सम्बोधन कसरी गर्ने भन्ने प्रस्ट छैन । सहकारी सम्बन्धि मुद्दाको द्रुत गतिमा फर्स्योट गर्ने व्यवस्था हुनुपर्छ ।

*(साभार: रातोपाटी)*

# ब्लाइण्ड क्रिकेट विश्वकपमा नेपाल पहिलोपटक सेमिफाइनलमा



काठमाडौं/नेपाली दृष्टिविहिन क्रिकेट टोली पहिलो पटक ब्लाइण्ड क्रिकेट टी२० विश्वकपको सेमिफाइनलमा प्रवेश गरेको छ । पाकिस्तानमा भइरहेको चौथो संस्करणको ब्लाइण्ड क्रिकेट टी२० विश्वकपको सेमिफाइनलमा पुग्दै इतिहास रचेको हो । यसअघि तीन संस्करणकै ब्लाइण्ड क्रिकेटको टी२० विश्वकप खेलेको नेपाल सेमिफाइनल पुग्न सकेको थिएन ।

यस पटक शीर्ष चारमा रहँदै सेमिफाइनल पुगेपछि नेपाली ब्लाइण्ड क्रिकेट टोली निकै उत्साहित बनेको छ । 'हामीले यसअघि ओडिआई र टी२० दुवै खेलेका छौँ । तर कुनै पनि स्थान हात पारेको थिएन । यसपाली जे सोचेको थियौँ । अभाव हुँदा नि जे सोचेको थियौँ त्यसको फल मिलेको जस्तो लागेको छ,' नेपाली ब्लाइण्ड क्रिकेट टोलीका कप्तान रमेश बानियाँले पाकिस्तानबाट संचारकर्मीसँग फोन कुराकानीमा भने, 'हाम्रो लागि गौरवको कुरा हो । हामी खुशी छौँ ।'

यस्तै मुख्य प्रशिक्षक नहेन्द्र निरौलाले पनि यो ऐतिहासिक क्षण भएको बताए । 'हाम्रो दृष्टीविहिन क्रिकेट टोलीले सन् २०१२ मा पहिलो विश्वकप खेलेको टिम हो । २०१२ देखि खेल्दा कुनैमा पनि नतिजा आएको थिएन । यस पटक हामी सेमिफाइनल पुग्दा यो ऐतिहासिक क्षण हो र धेरै खुशी छौँ देशका लागि केही गर्न सक्यौँ भनेर' उनले भने ।

शनिबार लिग चरणका खेल सकिएपछि नेपाल चौथो स्थानमा रहने पक्का भएको हो । सुरुमा ७ टोलीको सहभागिता रहने भनिएपनि भारत अन्तिम समयमा पाकिस्तान नगएपछि ६ टोलीले ब्लाइण्ड क्रिकेट टी२० विश्वकप खेले । जसमा नेपालले २ खेल जित्दा ३ खेलमा पराजित भएको थियो ।

सुरुवाती दुई खेलमा श्रीलंका र बंगलादेशसँग पराजित भएको नेपालले त्यसपछि अफगानिस्तान र दक्षिण अफ्रिकालाई पराजित गर्दै सेमिफाइनल पुग्ने सम्भावना बलियो बनाएको थियो । अन्तिम खेलमा बलियो टोली आयोजक पाकिस्तानसँग पनि नेपाल पराजित भयो । भारत सहभागी नभएपछि उको सबै विपक्षीले वाकओभर पाउँदै २ अंक जोडे । जसले गर्दा नेपालले ६ खेलबाट ६ अंक जोड्दै चौथो भएको हो ।

नेपाल श्रीलंकासँग ७० रनले, बंगलादेशसँग ६७ रनले पराजित भएको थियो । त्यसपछि अफगानिस्तानलाई १०८ रनको फराकिलो अन्तरले पराजित गरेको नेपालले दक्षिण अफ्रिकामाथि ११ रनको रोमाञ्चक जित निकालेको थियो । लिगको आफ्नो अन्तिम खेलमा भने नेपाल पाकिस्तानसँग १० विकेटले पराजित भयो ।

नेपाली टोलीका कप्तान रमेश बानियाँले पहिलो खेलदेखि नै जित्ने लक्ष्य राखेपनि ब्याटिङ नचल्दा हार व्यहोर्नुपरेको बताए । पछि नेपालले रणनीति परिवर्तन गरेपछि जित हात पारेको थियो । 'हाम्रो सोच नै पहिलो खेल जित्ने थियो । तर फिल्डिङ र बलिङ राम्रो हुँदा पनि दुई खेलमा ब्याटिङ राम्रो भएन । जसले गर्दा हार व्यहोर्नुपर्‍यो । दुवै खेल हामीले जित्न सक्ने नै थियो' उनले भने, 'तेस्रो खेलबाट भने ब्याटिङ अर्डर चेन्ज गरेर खेल्यौँ र राम्रो नतिजा पनि आयो ।'

सुरुवाती खेल जितेको भए नेपालले सेमिफाइनलमा पाकिस्तानसँग भेट टार्न सक्थ्यो । तर दुई खेल हार्दा नेपालले पाकिस्तानसँग खेल्नुपर्ने भयो ।

### जुत्ता र ड्रेस सहयोग मागेर विश्वकपको सेमिफाइनलमा

ब्लाइन्ड क्रिकेट टिमले पाकिस्तान पुग्नका लागि नै ठूलो संघर्ष गर्नुपरेको थियो । क्यानको सहयोगमा दाङमा पुगेर प्रशिक्षण गरेको उनीहरुले जुत्ता र ड्रेसका लागि पनि अरुको सहयोग लिनु परेको थियो ।

विभिन्न समस्याका बाबजुद पनि नेपाली ब्लाइन्ड क्रिकेट टोलीले विश्वकपको सेमिफाइनल पुगेर इतिहास रचेको छ । कप्तान रमेश बानियाँले क्यान र शरद भेषावकरले सहयोग गरेको बताए । 'हामीलाई शरद सरले जुत्ता सहयोग गर्नुभाको हो । हामी सडक मार्ग हुँदै पाकिस्तान आयौँ । भैरहवाबाट बिदाई भएर गौरखपुरसम्म दुई बसमा आयौँ । गोरखपुरदेखि अमृतसरसम्म ट्रेनमा जाने कुरा थियो । तर अमृतसर भन्दा ५०० किमी अगाडी नै रोकियो र त्यसपछि हामी ३ वटा बसमा अमृतसर पुग्यौँ । त्यहाँ बोर्डर बन्द भइसकेकोले हामी त्यही बसेर अर्को दिन मात्र पाकिस्तान आइपुग्यौँ' कप्तान बानियाँले भने ।

यही कारणले गर्दा नेपालले विश्वकपको उद्घाटन समारोह नै छुटाएको थियो र सिधै खेल खेल्नु परेको थियो । ओखलढुंगा ज्यामिरेका ४७ वर्षीय बानियाँले यसअघि एकपटक वान डे र टी२० विश्वकप खेलेका थिए । उनी यस पटक नेपालको कप्तानी गर्दै अन्तिम पटक विश्वकप खेलिरहेका छन् । उनले यसमा राम्रो प्रदर्शन गरौँ भनेर सोचेको र त्यहीअनुसार भएको बताए । 'अन्तिम पटक खेलौँ भनेर र केही गर्न सकिन्छ भनेर । त्यही अनुसार सेमिफाइनल पुगेका छौँ' उनले भने ।

यस्तै प्रशिक्षक निरौलाले नेपाल क्रिकेट संघ र सहयोग गर्न सबैलाई धन्यवाद दिए । 'प्रशिक्षण मैदान र ड्रेस उपलब्ध गराएर क्यानले सहयोग गर्नुभएकोमा धन्यवाद दिन्छा । क्रिकेट सामाग्री उपलबध सीबीएमलाई पनि धन्यवाद ।

प्रशिक्षक निरौलाले दृष्टिविहिन हरुले पनि क्रिकेट खेलेर नेपालको नाम चिनाएको भन्दै सरकारले सहयोग गरेमा अझ राम्रो नतिजा ल्याउन सक्ने बताए । 'हामी अहिले सेमिफाइनल पुग्यौं । यदी नेपाल सरकारले केही सहयोग गर्‍यो भने हामी विश्वकपको फाइनल समेत खेल्न सक्छौं भन्ने छ । हामीलाई पनि खेल्ने मैदान, सेवा सुविधा र सहयोग पायौं भने हामी पनि गर्न सक्छौं फाइनल पुग्न सक्छौं भन्ने विश्वास दिलाउन चाहन्छौं' उनले भने ।

### पाकिस्तानविरूद्ध उत्कृष्ट प्रदर्शन गर्ने लक्ष्य

पहिलो सेमिफाइनल नेपालले घरेलु टोली पाकिस्तानसँग आइतबार खेल्नेछ । खेल मुलतानमा हुनेछ । यस्तै दोस्रो सेमिफाइनल आइतबारै श्रीलंका र बंगलादेशबीच हुनेछ । पाकिस्तानसँग नेपाल लिग चरणमा १० विकेटले सहजै पराजित भएको थियो । लिग चरणमा अपराजित रहँदै शीर्ष स्थानमा रहेको पाकिस्तान उपाधिकै दाबेदार टोली हो ।

तर सेमिफाइनलमा घरेलु टोलीलाई कडा चुनौती दिने गरी मैदान उत्रने नेपाली टोलीका मुख्य प्रशिक्षक नहेन्द्र निरौलाले बताए । 'भोलीको सेमिफाइनल पाकिस्तान हामी भन्दा धेरै बलियो टिम भएता पनि आफूलाई कमजोर नमानी उच्च मनोबलका साथ खेल्नेछौं' उनले भने, 'ब्याटिङ लाइन बलियो बनाएर २०० टार्गेट दिने लक्ष्य छ । त्यसो भयो भने खेल प्रतिस्पर्धात्मक हुन्छ ।'

यस्तै कप्तान रमेश बानियाले पनि पाकिस्तानविरुद्ध उत्कृष्ट प्रदर्शन गर्ने बताए । 'पहिलो पटक सेमिफाइनल खेल्दैछौं । हाम्रोतर्फबाट फिल्डिङ बलिङ ब्याटिङ सबै क्षेत्रमा शतप्रतिशत दिनेछौं' उनले भने, 'उनीहरुले कस्तो खेल्छ भन् गेम हेर्नेलाई थाहा छ । तैपनि हामीले हार मानेका छौं । उनीहरुलाई ठूलो टार्गेट दिने गरी हामीले तयारी गरेका छौं ।'

*(स्रोत: अनलाइनखबर)*

# 'ह्रस्व दीर्घ'ले साढे ८ करोड कमाएको दाबी



काठमाडौं/अभिनेत्री नीता ढुंगाना र अभिनेता हरिहर अधिकारी दम्पतीको निर्माण तथा शीर्ष भूमिका रहेको फिल्म 'ह्रस्व दीर्घ'ले हलमा प्रदर्शनको दुई हप्ता पूरा गरिसकेको छ । शुक्रबारबाट तेस्रो हप्तामा प्रवेश गरेको फिल्मले पहिलो हप्ता ५ करोड ५४ लाख ग्रस कमाई गरेको निर्माताले जनाएका थिए । दोस्रो हप्तामा भने फिल्मले लगभग ३ करोड छापेको छ ।

शनिबार बिहान निर्मात्री नीताले फेसबुकमार्फत् सार्वजनिक गरेको कलेक्सन रिपोर्टमा फिल्मको १४ दिनको कमाई ८ करोड ५२ लाख उल्लेख छ । अर्थात् दोस्रो हप्तामा फिल्मले २ करोड ९८ लाख कमाएको छ । फिल्मले दुई हप्तामा गरेको कमाई 'ग्रस' हो । त्यसबाट हलको ५० प्रतिशत सेयर र वितरकको कमिसन काटिएर आउँदा निर्माताको हातमा बढीमा साढे ४ करोड पर्न सक्छ ।

'ह्रस्व दीर्घ'ले प्रदर्शनको तेस्रो हप्ता देशभर लगभग ५० शो पाएको छ । हप्ता बढ्दै गएकाले प्राप्त शोमा अकुपेन्सी पनि कमजोर बनिरहेको छ । यद्यपि, अन्य सहरमा भन्दा तुलनात्मक रुपमा नेपालगञ्ज र दाङमा फिल्मको व्यापार अझै राम्रो छ । ६ करोडको लागतमा निर्माण भएको फिल्मले नेपालबाटै 'हिट'को ट्याग पाउन भने कम्तीमा १२ करोड ग्रस कमाउनुपर्ने हुन्छ ।

निर्मात्री ढुंगानाले प्रदर्शनको पहिलो हप्तामै आफ्नो लगानी सुरक्षित भइसकेको दाबी गरेकी थिइन् । उनका अनुसार भारतको ओटीटी प्लेटफर्ममा फिल्म बिक्री भइसकेको छ । फिल्मले नेपालको कमाईसहित विभिन्न राइट्सबाट २१ करोड ग्रस कमाउने उनको आँकलन छ । अब आगामी वर्ष अर्थात् २०२५ मा तेलुगु भाषामा फिल्मलाई भारतका हलमा रिलिजको तयारी गरिएको छ । जसबाट राम्रो कमाई हुनेमा निर्माण टिम विश्वस्त देखिन्छ ।

चन्द्र पन्तको निर्देशनमा तयार भएको फिल्ममा नेपाली र दक्षिण भारतीय कलाकारहरुको पल्टन नै छ । यसमा भारतबाट प्रदीप रावत, ब्रह्मानन्दम, सुनिल बर्मा, अली र कबीर दुहन सिंह छन् भने नेपाली कलाकारहरु नीता र हरिहरसहित विपना थापा, रेखा थापा, सञ्चिता लुइँटेल, आदर्श मिश्र लगायतको अभिनय छ । फिल्मलाई बलिउडका प्रख्यात छायाँकार कवीर लालले खिचेका हुन् ।

# 'पूर्णबहादुरको सारंगी'को विश्वब्यापी कमाइ ६९ करोड, नेपालमा ४६ करोड पुग्यो



काठमाडौं/'पूर्णबहादुरको सारंगी'ले प्रदर्शनको चौंथो साता (१२ मङ्सिरसम्म) देशब्यापी ४५ करोड ७४ लाख २२ हजार ४३७ रुपैयाँ ग्रस कमाएको छ । वितरण कम्पनी ब्यांकटेस इन्टरटेनमेन्टले २८ दिनसम्मको कलेक्सन सार्वजनिक गरेको हो ।

जसअनुसार पछिल्लो चौंथो साताको आइतबारदेखि बुधबार सम्मको कमाइ २ करोड ३४ लाख रुपैयाँ ग्रस छ । विजय बराल स्टार र फिल्मले २४ दिनसम्म देशब्यापी ४३ करोड ४० लाख रुपैयाँ ग्रस कमाएको थियो ।

विहिबारको हिसाब आउन बाँकी छ । पाँचौ सप्ताहन्त अर्थात शुक्रबार र शनिबारको कलेक्सन आइतबार सार्वजनिक गर्ने तयारी छ । प्रक्षेपण र ट्रेन्ड हेर्दा फिल्मले यस सप्ताहन्त पनि राम्रै कमाइ गर्ने अनुमान छ ।

### विदेशमा २३ करोड ३५ लाख

निर्माता तथा वितरण कम्पनी सेभेन सिजले २९ नोभेम्बर सम्मको अन्तर्राष्ट्रिय बजारको कमाइ सार्वजनिक गरेको छ । ७ विदेशी बजारबाट बुधबारसम्म फिल्मले २३ करोड ३५ लाख रुपैयाँ ग्रस (करिब १७ लाख ३० हजार अमेरिकी डलर) कमाएको छ ।

सबैभन्दा धेरै कमाइ अमेरिकी बक्स अफिसमा छ, जहाँ फिल्मले १२ करोड ४६ लाख नेरु ग्रस (९ लाख २२ हजार अमेरिकी डलर) कमाएको छ ।

फिल्मले दोस्रो धेरै कमाइ अस्ट्रेलियामा गरेको छ । त्यहाँको बक्स अफिसमा फिल्मले ७ करोड ७८ लाख नेरु ग्रस (८ लाख ८४ हजार अष्ट्रेलियाली डलर) कमाएको छ । न्युजिल्याण्डमा ३४ लाख ३५ हजार नेरु ग्रस (३९ हजार अस्ट्रेलियन डलर) छ ।

# नागा चैतन्य र शोभिता धुलिपालाको वैवाहिक समारोह सुरु, लगाए हल्दी



काठमाडौं/दक्षिण भारतीय स्टार नागा चैतन्य र शोभिता धुलिपालाको हल्दी समारोह शुक्रबार हैदराबादमा भएको छ । समारोहका तस्वीर सामाजिक सञ्जालमा भाइरल छन् ।

हल्दी सेरोमनीमा परिवारका सदस्य र नजिकका साथीभाइ मात्रै उपस्थित थिए । दुवैले डिसेम्बर ४ मा हैदराबादको अन्नपूर्ण स्टुडियोमा विवाह गर्नेछन् ।

हल्दी समारोहमा शोभिता दुई फरक पहिरनमा देखिएकी थिइन् । पहिलो लुकमा उनले चम्किलो रातो साडी र र सिन्दूरको टीका पनि लगाएकी थिइन् । दोस्रो लुकमा शोभिताले पहेंलो रङको साडी लगाएकी छिन्, जसमा उनी रानीजस्तै देखिएकी छन् ।

यसअघि यी दुवैको विवाहको पहिलो झलक सार्वजनिक भएको थियो । पेस्टल रङ प्यालेटमा निम्तो पत्र सिर्जना गरिएको थियो । कार्डमा मन्दिरको घण्टी, काँसको बत्ती, केराको पात र गाईको चित्र चित्रण छ । हैदराबादको अन्नपूर्ण स्टुडियो नागाका हजुरबुवा अभिनेता अक्किनेनी नागेश्वर रावले सन् १९७६ मा बनाएका थिए ।

नागा र शोभिताले अगस्टमा इन्गेजमेन्ट गरेका थिए । मिडिया रिपोर्टका अनुसार दुवैले चैतन्यका पिता नागार्जुनको घरमा एक निजी समारोहमा इन्गेजमेन्ट गरेका थिए । नागार्जुनको घर हैदराबादको पोश क्षेत्र जुबली हिल्समा अवस्थित छ ।

सामन्था रुथ प्रभु र नागा चैतन्यले गोवामा ६ अक्टोबर २०१७ मा पहिले हिन्दू र त्यसपछि ७ अक्टोबर मा इसाई परम्पराअनुसार विवाह गरेका थिए । विवाहपछि सामन्थाले आफ्नो नाम अक्किनेनी राखेकी थिइन् ।

सम्बन्ध विच्छेदपछि सामन्थाले ट्वीटर ह्यान्डलबाट अक्किनेनीलाई हटाएर सामन्था रुथ प्रभु बनाएकी थिइन् । उनीहरु दुवैले ६ अक्टोबर २०२१ मा वैवाहिक जीवनको चार वर्ष पूरा गर्न लागेका थिए तर त्यसअघि नै उनीहरु छुट्टिए ।

# गढीमाई मन्दिरमा सहज रूपमा दर्शन गर्ने वातावरण मिलाउन निर्देशन



बारा/मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले धर्मिक, सांस्कृति एवं पुरातात्विक महत्व बोकेको विश्व प्रसिद्ध गढीमाई मन्दिरमा सहज रूपमा दर्शन तथा पूजाअर्चना गर्ने वातावरण मिलाउन निर्देशन दिएका छन् ।

बारामा बसेको सुरक्षा समितिको बैठकपछि सञ्चारकर्मीहरूसँग मन्त्री लेखीले प्रसिद्ध गढीमाई मन्दिरमा सहज रूपमा दर्शन तथा पूजाअर्चना गर्ने वातावरण मिलाउन निर्देशन दिएका हुन् ।

उनले भारतको अयोध्यामा दिनहुँ अढाई लाखसम्म दर्शनार्थीहरू रामलालको दर्शन गर्ने गरेको प्रसङ्ग उल्लेख गर्दै गढीमाईमा पनि तिनै तहको सरकार मिलेर आवश्यक पूर्वाधार निर्माण गर्नुपर्नेमा जोड दिए ।

उनले भारतका धार्मिक मेलाहरूको अवलोकन गर्नेहरूलाई गढीमाईलगायत मधेशका धार्मिक स्थलको अनिवार्य दर्शन गर्ने गरी माहोल मिलाउन निर्देशनसमेत दिए । 'मधेश प्रदेश सरकारले गढीमाईमा बढीभन्दा बढी दर्शनार्थी आउने वातावरण बनाउन भौतिक पूर्वाधारदेखि पर्यटकलाई आकर्षित गर्न आवश्यक सहयोगका लागि तयार छ । जनकपुरधामस्थित माता सीताको पुण्य भूमिबाट अयोध्या जोड्ने सर्किट विकास गर्ने कुरा छ, गढीमाईको मन्दिर बरियापुरबाट पनि अयोध्या जोड्ने सर्किटको निर्माण गर्न पहलकदमी लिन सरकार लागिपर्छ । यहाँहरूले पनि यसमा सहयोग गर्नुपर्‍यो', मन्त्री लेखीले भने ।

मेलामा शान्तिसुरक्षाको भरपुर व्यवस्था मिलाउन, जोखिम क्षेत्रको पहिचान गरेर त्यसैअनुसार सतर्कता अपनाउन, मेलामा हुने भीडको व्यवस्थापन, चोरी र दुर्घटना न्यूनीकरणका लागि कटिबद्ध भएर लाग्न उहाँले सुरक्षा प्रमुखहरूलाई आग्रह गरे ।

गढीमाई मेला मूल समितिका अध्यक्ष उपेन्द्र यादवले मेलाको तयारीका बारेमा जानकारी दिँदै भरपुर सुरक्षाको माग गरेका थिए । बैठकमा मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्रालयका सचिव उद्धवप्रसाद रिजाल, सशस्त्र प्रहरीका नायब महानिरीक्षक कालीदास धौवजी, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक माधव तिमिल्सिना र मधेश प्रदेशका प्रहरी नायब महानिरीक्षक लालमणि अर्चायलगायत बारा जिल्लाका सुरक्षा निकायका प्रमुखहरूको सहभागिता रहेको थियो ।

*(स्रोत: अनलाइनखबर)*

## नेपाल प्रिमियर लिग:

# जितपछि अनिलले भने- क्रिजमा टिकेर खेल्न विदेशीबाट सिक्नुपर्छ




काठमाडौं/शनिबारदेखि सुरू भएको नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेट प्रतियोगितामा जनकपुर बोल्ट्सले विजयी सुरूवात गरेको छ । जनकपुरले विराटनगर किङ्सलाई ८ विकेटले पराजित गरेको हो । खेलमा जनकपुरका लाहिरु मिलान्थाले ७५ रनको अविजित पारी खेले । उनलाई हर्श थाकरले २९ रन बनाएर साथ दिए । १२८ रनको लक्ष्य पछ्याउँदा सुरूवातमै दुई विकेट गएपछि लाहिरु र थाकर मिलेर इनिङ उकासेका थिए ।

जितपछि जनकपुरका कप्तान अनिल शाहले क्रिजमा टिकेर खेल्दा जित सम्भव भएको बताए । 'पिच बलरहरूको लागि सहयोगी थियो अनि कसैले पनि राम्रोसँग बलमा ब्याट लगाउन सकिरहेका थिएनन्' अनिलले भने, 'विदेशी खेलाडीहरू अनुभवी छन् । उनीहरूबाट सिक्न पर्छ । क्रिजमा जति टिक्न सक्यो त्यति राम्रो हुन्छ अनि थाहा हुन्छ कति स्कोर राम्रो हुन्छ भनेर ।'

'सुरूमा मार्टिन गप्टिलले पनि खुलेर खेल्न सकिरहेका थिएनन् । पछि उनले क्रिजमा टिक्दै पिच रिड गर्दै खेल्न थाले अनि पछि उनको ब्याटबाट रन बन्न थाल्यो' अनिलले थपे । अनिलले प्रतियोगिताको सुरूवातमा नै २ अंक जोड्न पाउनु महत्वपूर्ण भएको बताए । 'हामीले प्लानिङ्हरू गरेका थियौं अनि त्यसकै अनुसार चल्यौं, त्यसकै कारण यो जित सम्भव भयो' उनले भने ।

जनकपुरको टप अर्डर नचले पनि विदेशी खेलाडीहरूले क्रिजमा टिकेर खेल जिताएको उनको भनाई थियो । 'टप अर्डर हामी चलन सकेनौं । हामी चुके पनि लाहिरू र हर्शले राम्रो खेले र हामीले जित्यौं' उनले भने ।

उनले एनपीएलका कुनै पनि टिम कमजोर नभएको बताए । 'कमजोर कुनै पनि टिम छैन, विदेशी हुनु र नहुनुभन्दा नि जसले राम्रो खेल्छ उसले नै जित्छ' अनिलले भने । आसिफलाई किपर नराखेको भन्ने प्रश्नमा उनले भने, 'आसिफले नेपाली बलररूसँग कुरा गरिराख्न सकून् भनेर हो । हामीसँग मिलान्था थिए किपरको विकल्प, अनि नेपाली खेलाडीको बारेमा थाहा भएकाले सहज होस् भनेर हो ।'

# कीर्तिपुरमा एनपीएल हेर्न पुगेका दर्शकबीच धकेलाधकेल हुँदा सात जना घाइते

काठमाडौं/नेपाल प्रिमियर लिग (एनपीएल) हेर्न कीर्तिपुर रंगशाला पुगेका दर्शकहरू गेटबाट छिर्ने क्रममा धकेलाधकेल हुँदा सात जना घाइते भएका छन् ।

गेटबाट छिर्ने क्रममा धकेलाधकेल भएपछि केही घाइते भएको र उनीहरूलाई उपचारका लागि विभिन्न अस्पतालमा पुर्‍याइएको काठमाडौं प्रहरी परिसरका प्रवक्ता नवराज अधिकारीले जानकारी दिए ।

'गेटबाट छिर्ने क्रममा झगडा भएका हो । केही घाइते भएका छन्,' अधिकारीले संचारकर्मीसँग भने, 'घाइते हुनेमा केही प्रहरी जवान पनि छन् ।'

उपत्यका प्रहरी कार्यालय रानीपोखरीका एसएसपी विनोद घिमिरेले पनि सात जना घाइतेको विभिन्न अस्पतालमा उपचार भइरहेको जानकारी दिए । उनका अनुसार वीर अस्पताल, टिचिङ अस्पताल लगायतमा घाइतेहरूको उपचार भइरहेको छ ।

एसएसपी घिमिरेका अनुसार घाइते हुनेमा सुशिल अकुलिया, अजय तामाङ, शिशिर गौतम, शंकर आचार्य, दान बहादुर राउत, केशव मेगी, प्रेम खड्गी रहेका छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# वैदिक संस्कृत गुरुकुललाई बेञ्च र खाद्यान्न



साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१८ स्थित वैदिक संस्कृत गुरुकुललाई बेञ्च र खाद्यान्न सहयोग उपलब्ध गराइएको छ । सेवा सहयोग र आवाजमा हामी नामक संस्थाले विद्यार्थीको पठनपाठनका लागि बेञ्च र खाद्यान्न सहयोग गरेको हो ।

विद्यार्थीहरु भुईँमा बसेर पढ्ने गरेको अवस्था देखेपछि संस्थाको पहलमा हेटौंडा-२, मानसचोक निवासी रामविक्रम थापालगायत थापा परिवारले ५ वटा बेञ्च र ५ वटा कुर्सी उपलब्ध गराए । संस्थाका अध्यक्ष विशालराज महतले आलु, दाल र तेल हस्तान्तरण गरे । १८ नम्बर वडासदस्य तोयानाथ तिमल्सिनाले गुरुकूलको उच्चमूल्यांकन गर्दै शिक्षालाई सहयोग गर्न हात अगाडि बढाएकोमा धन्यवाद दिए ।

संस्कृत गुरुकुलका प्रधानाध्यापक खगेन्द्र कोइरालाले असोज ७ गते नगरको शिक्षा महाशाखाबाट अनुमति लिइएको र कक्षा-१२ सम्म पढाउने लक्ष्य रहेको बताए । मुठीदानकै भरमा विद्यालय चलिरहेको उनले बताए । सनातन धर्म मान्ने सबैले संस्कृत विद्या पढ्न पाउनुपर्छ भन्ने उद्देश्यका साथ विद्यालय सञ्चालन गरिएको कोइरालाको भनाई छ । हाल गुरुकुल रहेको भवनमा यसअघि ज्योति माध्यमिक विद्यालय सञ्चालनमा थियो ।

जीर्ण भवन मर्मतसम्भार गरेर गुरुकुल सञ्चालन गरिएको कोइरालाले बताए । गुरुकुलको आश्रममा रहेर अध्ययन गर्नेहरु पनि छन् । गुरुकुलमा १८ विद्यार्थी अध्ययनरत् रहेकामा अधिकांश विद्यार्थी दलित समुदायका छन् । ज्ञानार्जन गर्न कुनै जात, धर्म, लिंग र सम्प्रदायले छेक्दैन भन्ने गतिलो उदाहरण हेटौंडाको गुरुकूलले प्रस्तुत गरेको छ । दलित समुदायका विद्यार्थी रुचिपूर्वक संस्कृत अध्ययन गरिरहेको कोइरालालो बताए ।

सहयोग हस्तान्तरण कार्यक्रमका आश्रमका प्रधानाध्यापक कोइराला, ठुलोदमार टोल विकास संस्थाका अध्यक्ष कुमार महत, वन उपभोक्ता समिति अध्यक्ष दामोदर बानियाँ, संस्था उपाध्यक्ष रामविक्रम थापा, सदस्य हरिबहादुर कुँवर, सल्लाहकार गणेश अधिकारी, टोलविकास संस्था नगरसमन्वय समिति कार्यालय सचिव इशा थापालगायतको उपस्थिति थियो ।

# चौघडा सहकारीको साधारणसभा




साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ हेटौंडा उपमहानगरपालिका-६ चौघडामा रहेको चौघडा बचत तथा ऋण सहकारी संस्थाको १६औं वार्षिक साधारणसभा शनिवार भएको छ ।

बागमती प्रदेशसभा सदस्य एकलाल श्रेष्ठको प्रमुख आतिथ्यता एवम् सहकारी अध्यक्ष विजयकुमार श्रेष्ठको सभाध्यक्षतामा साधारणसभा भएको हो । साधारण सभामा अध्यक्ष श्रेष्ठले संस्थागत प्रतिवेदन, सचिव अर्जुनप्रसाद हुमागाईले प्रगति प्रतिवेदन, कोषाध्यक्ष शुभद्रा कोईरालाले आर्थिक प्रतिवेदन र लेखा सदस्य कृष्णबहादुर मानन्धरले लेखा समितिको प्रतिवेदन पेश गरेका थिए ।

साधारणसभामा विभिन्न विधामा उत्कृष्ठ शेयर सदस्यलाई नगदसहित पुरस्कृत गरिएको थियो । असली बचतकर्ता अनिता लम्साल, असली ऋणी शर्मिला सापकोटा, ज्येष्ठ शेयरसदस्य गोमा न्यौपाने, एकैदिन जोडी सदस्य बन्ने विश्वराज न्यौपाने र शुभद्रा पुडासैनी, उत्कृष्ट कर्मचारी रमा देवकोटा र संस्थापक शेयरसदस्य चन्द्रबहादुर मानन्धरलाई पुरस्कृत गरिएको थियो ।

साधारणसभामा हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, मकवानपुरगढी-७ का वडाअध्यक्ष सूर्यबहादुर रुम्बा, हेटौंडा-६ का निवर्तमान वडाअध्यक्ष अर्जुनप्रसाद चौलागाई, संस्थाका संस्थापक अध्यक्ष श्यामप्रसाद श्रेष्ठ, हेटौंडा उपमहानगर सहकारी महाशाखाप्रमुख हिमप्रसाद पौडेल, मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघ सञ्चालक सदस्य हिमाल पौडेल, नौलो विहानी कृषि सहकारी अध्यक्ष विष्णुप्रसाद ढुंगाना, गरिबी निवारण सहकारी अध्यक्ष कृष्णप्रसाद सापकोटा, टोल विकास संस्था वडासमन्वय समिति हेटौंडा-६ का अध्यक्ष बासुदेव खतिवडा, कामधेनु बहुउद्देश्यीय सहकारीका उपाध्यक्ष केशव धितालगायतको उपस्थिति रहेको थियो ।

२ हजार ९ सय १५ जना शेयर सदस्य रहेको सहकारीको शेयरपूँजी २ करोड ८८ लाख, निक्षेप ३१ करोड ३७ लाख र कर्जा लगानी २९ करोड ७७ लाख रहेको ब्यवस्थापक दीपा श्रेष्ठले जानकारी दिएकी छन् ।

# १८ वर्षमा पाथिभरा सहकारीको ६ करोडमाथि कारोबार



साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ थाहा नगरपालिका-२ फाँटबजारमा रहेको पाथिभरा बचत तथा ऋण सहकारी संस्थाको स्थापनाको १८ वर्षमा कारोबार ६ करोड नाघेको छ ।

संस्थाका अध्यक्ष नवराज कार्कीले १८ औं वार्षिक साधारण सभामा पेश गरेको वार्षिक प्रतिवेदन अनुसार कारोबार ६ करोडमाथि रहेको पाइएको हो । कार्कीले सस्थाको भावी योजना र कार्यक्रम प्रस्तुत गर्दै २९ जना सेयर सदस्यबाट वि.सं. २०६४ सालमा सुरु भएको सहकारीमा सदस्य संख्या १ हजार ८२५ जना पुगेको बताए । अध्यक्षका साथै सचिव भुपेन्द्र हमाल, कोषाध्यक्ष राधाकृष्ण बिष्टले सभामा पेश गरेको प्रतिवेदन पारित भएको छ ।

पालुङ जेसीजको सभाहलमा भएको साधारणसभा जिल्ला बचत सहकारी संघका कोषाध्यक्ष बिष्णुमाया लामाको प्रमुख आतिथ्यतामा भएको थियो । सभामा प्रमुखअतिथि लामाले सहकारी नाफामूलक नभएर सेवामूलक पनि हुनुपर्नेमा जोड दिइन् । केही गलत संचालकले गर्दा सहकारीलाई हेर्ने दृष्टिकोण नकारात्मक भएको र यसलाई सुधारेर लैजान पर्ने लामाले बताइन् ।

संस्थाका सचिव भुपेन्द्र हमालले स्वागत गरेको कार्यक्रममा थाहा नगरपालिका-२ का कार्यवाहक अध्यक्ष युवराज बिष्ट, संस्थाका पूर्वअध्यक्ष गोकर्ण बरुवाल, पालुङ क्याम्पस प्रमुख राजन मिश्रलगायतले शुभकामना दिएका थिए । सभाको अवसरमा उत्कृष्ट कारोबार गर्ने सदस्यलाई नगदसहित सम्मान गरिएको थियो । सम्मानित हुनेहरुमा दैनिक बचततर्फ सर्मिला जिम्बा, बिजय तामाङ, ऋण कारोबारतर्फ सोल्टुका किरण थापा, अस्मिता बिष्ट थापा रहेका छन् भने मोवाइल बैकिंङतर्फ निरन्जन थापा सम्मानित भएका थिए ।

साधारणसभामा थाहा नगरपालिका-३ का कार्यवाहकअध्यक्ष कृष्णकुमार कार्की, पाथिभरा बचत तथा ऋण सहकारी संस्थाका पूर्वअध्यक्ष जीवन बस्नेत, अर्जुन कार्की, लालीगुराँस महिला बहुउद्देश्यीय सहकारीकी अध्यक्ष रिता प्रधान, चेतनशिल महिला बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष शकुन्तला गोपाली, सहयोगी बचतका व्यवस्थापक मोहनमान श्रेष्ठ, संस्थाका व्यवस्थापक जनक तामाङलगायत प्रतिनिधि, पत्रकार तथा सेयरसदस्यको उपस्थिति रहेको थियो ।

## नेपाल प्रिमियर लिग:

# मिलान्थाको सानदार ब्याटिङमा जनकपुरको विजयी सुरुवात



काठमाडौं, १५ मंसिर/ बलरहरू ललित राजवंशी, किशोर महतो र हर्ष थाकरको प्रदर्शन अनि लाहिरु मिलान्थाको सानदार अर्धशतकमा जनकपुर बोल्ट्सले नेपाल प्रिमियर लिग (एनपीएल) को पहिलो खेलमा विराटनगर किंग्सलाई ८ विकेटले हराउँदै विजयी सुरुवात गरेको छ ।

मिलान्थाको अविजित अर्धशतक मद्दतमा विराटनगरले दिएको १२८ रनको लक्ष्य जनकपुरले १५.३ ओभरमा २ विकेट मात्र गुमाएर १३१ रन बनाउँदै पूरा गर्‍यो । मिलान्थाले ५३ बल खेल्दै ९ चौका र ३ छक्का मद्दतमा अविजित ७५ रन बनाए । उनलाई साथ दिएका थाकरले ३३ बलमा २ चौका प्रहार गर्दै अविजित २९ रन बनाए । स्कोर टाई भएको अवस्थामा उनले विजयी चौका प्रहार गरेका थिए ।

विराटनगरका क्रिस सोलले वाइड फालेपछि जनकपुरले पहिलो ओभरको पहिलो बलमै ११ रन जोडेको थियो । तर, सोलले आसिफ शेखलाई बोल्ड गर्दै विराटनगरलाई विक्टे दिलाएका थिए ।

कप्तान अनिल शाह पनि व्यक्तिगत ५ रनमा आउट हुँदा जनकपुरले १५ रनमै २ विकेट गुमाएको थियो । प्रतिश जिसीले कप्तान अनिललाई बोल्ड गरेका थिए । तर, त्यसपछि मिलान्था र हर्ष थाकरले मिलेर इनिङ्स समाले । यो जोडीले तेस्रो विकेटका लागि शतकीय साझेदारी गरे । विराटनगरका क्रिस सोल र प्रतिश जिसीले एक/एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको विराटनगरले १९ ओभरमा सबै विकेट गुमाएर १२७ रन बनाएको थियो । विराटनगरका लागि मार्टिन गप्टिलले अर्धशतक प्रहार गरेपनि अन्य खेलाडीले गतिलो साथ दिन सकेनन् ।

पहिलो पटक नेपालमा आएर फ्रेन्चाइज लिग खेलेका गप्टिलले ४३ बल खेल्दै ७ चौका र १ छक्का प्रहार गरे । गप्टिल एनपीएलमा पहिलो अर्धशतक प्रहार गर्ने खेलाडी बने । उनले नै एनपीएलको पहिलो छक्का पनि प्रहार गरेका थिए ।

त्यसअघि एनपीएलको पहिलो चौका विराटनगरका लोकेश बमले प्रहार गरेका थिए । तर, उनलाई आउट गर्दै जनकपुरका ललित राजवंशी एनपीएलको पहिलो विकेट लिने खेलाडी बने ।

६ रनमै लोकेश बमलाई पहिलो विकेटको रुपमा गुमाएको विराटनगरक लागि गप्टिल र आकिब इल्यासले ४७ रनको साझेदारी गर्दै इनिङ्स उकासेका थिए । तर, इल्यास पनि १५ रन बनाएर आउट भए ।

त्यसपछि आएका ब्याटरले गप्टिललाई राम्रो साथ दिन सकेनन् । निकोलस किर्टोन ९, बसिर अहमद ७, राजेश पुलामी मगर १, प्रतिश जिसी २, कप्तान सन्दीप लामिछाने ७, क्रिस सोल ४ र तथा जितेन्द्र मुखिया खाता नखोली आउट भए ।

जनकपुरका लागि नेपाली स्पीनर ललित राजवंशीले उत्कृष्ट बलिङ गरे । ललितले पनि ४ ओभरमा २८ रन खर्चेर सर्वाधिक ३ विकेट लिए । यस्तै क्यानडियन अलराउण्डर हर्ष थाकेरले ४ ओभरमा २२ रन खर्चेर २ विकेट लिए ।

# जिल्लास्तरीय खुलादौडमा गोले र थोकरले जिते उपाधि



साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ मकवानपुर जिल्लास्तरीय खुलादौड प्रतियोगितामा बकैया गाउँपालिका-५ का राजकुमार गोले र थाहा नगर पालिका-५ की बबिता तामाङ थोकर प्रथम भएका छन् ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको रजतजयन्तीको अवसरमा १५ मंसिरमा आयोजित ५ किलोमिटर पुरुषतर्फको दौडमा गोलेले निर्धारित दुरी १७ मिनेट ५८ सेकेण्डमा पार गरे ।

महिलातर्फको ३ किलोमिटर दुरी भने थोकरले १३ मिनेट ६ सेकेण्डमा पार गर्दै जित हासिल गरेका हुन् । प्रतियोगितामा पुरुषतर्फ थाहा १ का हरिकृष्ण बलामीले निर्धारित दुरी १८ मिनेट ८ सेकेण्डमा पार गर्दै दोस्रो भए ।

थाहा-३ का बिजन सुनारले १८ मिनेट १२ सेकेन्डमा निर्धारित दुरी पार गर्दै तेस्रो भएका छन् । महिलातर्फ निर्धारित दुरी थाहा-१ कि युनिशा बलामीले १३ मिनेट ३५ सेकेन्डमा पूरा गरी दोस्रो भइन् भने थाहा-६ बज्रवाराहीकी युनिशा लामाले १३ मिनेट ५५ सेकेण्डमा पूरा गर्दै तेस्रो भएकी थिइन् । प्रथम, द्वितीय र तृतीय हुनेहरुले क्रमश: दश हजार, सात हजार र पाँच हजार सहित मेडल तथा प्रमाणपत्र पुरस्कार पाएका छन् ।

विजेता खेलाडीलाई प्रमुखअतिथि थाहानगर खेलकुद विकास समिति संयोजक टीकाराम स्याङ्तान, पालुङ बहुउद्देश्यीय सहकारीका अध्यक्ष कृष्णबहादुर बिष्ट, निर्णायक ईलाका प्रहरी कार्यालय पालुङका प्रमुख सविनबाबु अर्याल, संस्थाका कोषाध्यक्ष गुप्तबहादुर कार्की, व्यवस्थापक प्रकाश पौडेलले संयुक्तरुपमा पुरस्कार वितरण गरेका थिए । पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका खेलकुद संयोजक यादवजंग रायमाझीको संयोजकत्वमा भएको प्रतियोगितामा ३३ जना पुरुष र ८ जना महिलाको सहभागिता रहेको थियो ।

# खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयारीसम्बन्धी गोष्ठीको समापन

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ हेटौंडामा आयोजित खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयारी सम्बन्धी दुईदिने प्रदेशस्तरीय अभिमुखीकरण गोष्ठीको समापन गरिएको छ ।

प्रदेशको खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयको आयोजनामा बिहीबारबाट सुरु भएको प्रदेशस्तरीय गोष्ठी शुक्रबार समापन गरिएको हो । कार्यक्रममा खानेपानी, उर्जा तथा सिंचाई मन्त्री श्याम खड्काले विकास आयोजना सञ्चालनका सवालमा तीन तहका सरकारबीच समन्वय अभाव रहेको उल्लेख गरे । उनले स्थानीय तहले मागेअनुसारको योजना प्रदेश सरकारले दिन नसकेको र प्रदेश सरकारले पठाएको आयोजना कार्यान्वयनमा स्थानीय तहको चासो कम पर्ने समस्या रहेको उल्लेख गरे ।

समस्याका बीचबाट संघीयता कार्यान्वयनको चरणहरु अघि बढिरहेको भन्दै उनले नागरिकको आवश्यकताको आधारमा विकास आयोजना निर्माणमा सरकारले काम गर्ने प्रतिबद्धता जनाए । गोष्ठीको बिहीबार प्रदेशका मुख्यमन्त्री बहादुर सिं लामाले उद्घाटन गर्दै खानेपानीलाई नागरिकको स्वास्थ्यसँग जोडेर योजना निर्माण गर्नुपर्ने कुरामा जोड दिएका थिए ।



मुख्यमन्त्री लामाले गुरुयोजनाबिना खानेपानीका योजना बन्दा यसले समस्या निम्त्याउने भन्दै विगतमा खानेपानीको उच्च माग रहेकोमा अहिले सडकको माग हुन थालेको बताए । गोष्ठीमा बागमती प्रदेशको मकवानपुरगढी, बकैया, कैलाश, तामाकोशी, गल्छी, गोदावरी, महाभारत, मेलुङ, गोदावरी, राक्सिराङ लगायतका २२ स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको सहभागिता रहेको थियो ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरूः

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।




प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७


## पेट्रोलको मूल्य बढ्यो

काठमाडौं, १५ मंसिर/ पेट्रोलियम पदार्थको मूल्य बढेको छ । नेपाल आयल निगमका अनुसार शनिबार राति १२ बजेबाट लागू हुनेगरी प्रतिलिटर एक रुपैयाँले पेट्रोलको मूल्य बढेको हो ।

त्यस्तै, हवाई इन्धनको मूल्य पनि बढेर आएको निगमले विज्ञप्तिमार्फत जानकारी गराएको छ । आन्तरिकतर्फ २ रुपैयाँ र अन्तर्राष्ट्रियतर्फ काठमाडौंका लागि प्रति किलोलिटर १५ डलरले मूल्यवृद्धि भएको निगमले जनाएको छ ।

खाना पकाउने ग्यासको भने मूल्य यथावत् रहेको निगमतले जारी गरेको विज्ञप्तिमा जनाइएको छ । उपभोक्ताको हितलाई मध्यनजर गर्दै ग्यासको मूल्य बढेर आएपनि अहिलेलाई यथावत् राखिएको निगमले बताएको छ ।

यो सँगै पहिलो वर्गमा पेट्रोलको मूल्य १ सय ५७ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा १ सय ५९ र तेस्रो वर्गमा १६० कायम भएको छ ।

पहिलो वर्गमा चार आली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज रहेका छन् । दोस्रो वर्गमा सुर्खेत र दाङलाई राखिएको छ भने तेस्रो वर्गमा काठमाडौं, पोखरा र दीपायल रहेका छन् ।


## कर्मचारी आवश्यकता

यस संस्थाको सञ्चालक समितिको मिति २०८१/०८/१३ गते बसेको बैठकको निर्णयानुसार पदपुर्ति समितिलाई प्राप्त अख्तियारी बमोजिम यस संस्थालाई तपशिल अनुसारको कर्मचारीको आवश्यकता भएको हुनाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात २०८१ मंसिर २० गते भित्र तोकिएका कागजात सहित दोस्रो पटक दरखास्त आवहान गरिन्छ । म्याद नाघि आएका तथा आवश्यक रित एव् प्रक्रिया नपुगेका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपशिल :**

| | |
|---|---|
| विज्ञापन नं. | : ०१-२०८१/०८२ |
| पद | : प्रमुख कार्यकारी अधिकृत (करार) |
| आवश्यक संख्या | : १ (एक) जना |
| सेवा सुविधा | : संस्थाका निर्णय अनुसार |
| योग्यता | : मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन संकायमा स्नातक उर्तिण गरेको |
| अनुभव | : वित्तीय क्षेत्रमा कम्तिमा ३ वर्षको अनुभव भएको र वित्तीय विश्लेषण गर्न सक्ने |
| कम्प्यूटर | : EXCEI र WORD मा दक्षता भएको |
| अन्य सीप | : अंग्रेजी भाषा लेखन बोल्न सक्ने र मोटरसाईकल चालक अनुमति पत्र प्राप्त गरेको |
| आवेदन | : हस्तलिखित निवेदन पेश गर्नु पर्न |
| उमेर | : १८ वर्ष पुरा भएको |
| छनौट किसिम | : लिखित, प्रयोगात्मक तथा अन्तरवार्ता |
| निवेदन दस्तुर | : रू.५००/- |

दोस्रो पटक विज्ञापन प्रकाशित मिति : २०८१/०८/१३ गते

दरखास्त बुझाउने अन्तिम मिति : २०८१/०८/२० गते बेलुकी ५:०० बजेसम्म (उक्त दिन विदा परमा सो को भोलिपल्ट दरखास्त बुझाउन सकिने साथै दरखास्त ईमेल मार्फत समेत पेश गर्न सकिने छ

सम्पर्क मिति : सर्टलिस्टमा छानिएका उम्मेदवारहरूलाई फोन गरेर बोलाईन छ ।

आवश्यक कागजात :- शैक्षिक योग्यताको प्रमाण पत्र, नेपाली नागरिकताको प्रतिलिपि, तालिम अनुभवका प्रमाण पत्रका प्रमाणित प्रतिलिपि र व्यक्तिगत विवरण (CV) तथा हालसाल खिचिएको पासपोर्ट साईजको फोटो २ प्रति

सम्पर्क नं. ०५७-५२४७३४

नोट : रित पुर्वक संस्थाको ईमेल nawayuwasahakari11@gmail.com बाट प्राप्त हुने आवेदनलाई पनि मान्यता दिईनेछ । साथै, विज्ञापन सम्बन्धी सम्पूर्ण अधिकार संचालक समितिमा निहीत रहने छ ।

**नवयुवा बचत तथा ऋण सहकारी संस्था लि.**

हेटौंडा-११, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना